लेखापरीक्षण बुलेटिन

महालेखा परीक्षकको कार्यालयको मासिक प्रकाशन

५९औं वार्षिकोत्सव विशेषांक

वर्ष १, अंक १, २०७४ असार, (Year 1, Issue 1, June/July 2017)



महालेखा परीक्षकको कार्यालयको ५९ औं वार्षिकोत्सवमा सहभागी बीचमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी, बायाँतर्फ माननीय अर्थमन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्की, र दायाँतर्फ माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल

सम्माननीय राष्ट्रपतिज्यूबाट महालेखा परीक्षकको ५९औं वार्षिकोत्सवमा गर्नु भएको सम्बोधन



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू महालेखा परीक्षकको कार्यालयको ५९ औं वार्षिकोत्सव कार्यक्रममा सम्बोधन गर्नुहुदै ।

समारोहका सभापति महालेखा परीक्षक, माननीय अर्थमन्त्री, सम्वैधानिक निकायका प्रमुखहरु, नेपाल सरकारका मुख्य सचिव व्यवस्थापिका संसदका महासचिव, महान्यायाधिवक्ता, रायिष्ट्र योजना आयोगका पदाधिकारीहरु, संघसस्था तथा वोर्डका प्रमुखहरु, सुरक्षा निकायका प्रमुखहरु, राष्ट्रसेवक कर्मचारीहरु, भद्रमहिला तथा सज्जनवृन्द !

सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, विश्वसनियता, जवाफदेहिता र अनुशासन प्रबर्द्धन गराउने गहन संवैधानिक दायित्व र जिम्मेवारी पाएको महालेखा परीक्षकको ५९औं वार्षिकोत्सव समारोह आयोजना गरेकोमा महालेखा परीक्षकको कार्यालयलाई धन्यवाद दिँदै कार्यक्रम सफलताको शुभकामना दिन चाहन्छु।

आजको दिनलाई आफ्नो ५८ वर्ष लामो लेखापरीक्षण कार्यको अनुभवको समीक्षा गरी सकारात्मक पक्षलाई आगामी दिनका निमित्त पूँजीकृत गर्ने र कर्तव्य पालनाका शिलशिलामा देखिएका कमीकमजोरीलाई हटाई लेखापरीक्षण विधि र तरिकालाई अझ समृद्ध र सुदृढ पार्ने महत्वपूर्ण अवसरका रुपमा सदुपयोग गर्नुपर्ने विषय तर्फ सम्बद्ध सबैको ध्यान आकृष्ट गराउन चाहन्छु।

क्रमशः पृष्ठ ६ मा

यस मित्र

माननीय अर्थ मन्त्रीज्यूको सम्बोधन	३
माननीय महालेखा परीक्षकज्यूको सम्बोधन	३
कविता	६
निबन्ध	१०
महालेखा परीक्षकको नियुक्ती	१३
महालेखा परीक्षकको कार्य योजना (२०७४-२०८०)	१४
कार्यालय गतिविधिहरु	१८
समसामायिक लेखापरीक्षणका लागि छनौट गरिएका विषयहरु	२२
महालेखा परीक्षकको संक्षिप्त परिचय	२३

संरक्षक

माननीय महालेखा परीक्षक

श्री टंकमणि शर्मा दंगाल

सल्लाहकार

उप-महालेखा परीक्षक

श्री इश्वर नेपाल

सम्पादक मण्डल

संयोजक
श्री रामुप्रसाद डोटेल

सदस्य
श्री महेश पौड्याल

श्री नेत्रप्रसाद पौडेल

श्री श्यामप्रसाद भण्डारी

श्री दिपक आचार्य

श्री शंकरबाबु आचार्य

श्री नीलम साह

प्रकाशक

महालेखा परीक्षकको कार्यालय
बबरमहल, काठमाडौं ।
फोन नं. ०१४२६६०३४
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
website: oagnep.gov.np

सम्पादकीय.....

सूचना महत्वपूर्ण शक्तिको स्रोत हो । यसका लागि सूचना र प्रविधिको प्रयोग तथा प्राप्त सूचनाको सदुपयोग गर्ने तर्फ प्रयत्न हुनु पर्दछ । कार्यालयले आफ्नो काम गरेर मात्र हुदैंन त्यसका बारेमा सरोकारवाला निकाय तथा नागरिकहरुलाई निरन्तर सूचना प्रवाह गर्नु पर्दछ । सार्वजनिक कार्यहरु बारे सूचना प्राप्त गर्नु नागरिकको हक हो भने सूचना दिनु सार्वजनिक निकाय र सोका पदाधिकारीको कर्तव्य एवं दायित्व हो ।

यसै सन्दर्भमा महत्वपूर्ण संवैधानिक निकायको रुपमा रहेको महालेखा परीक्षकको कार्यालयले आफुले गरेका कार्यहरु सार्वजनिक रुपमा सम्प्रेषण गर्न र लेखा, लेखापरीक्षणसँग सम्बन्धित विविध विषयमा जानकारी प्रदान गर्ने प्रयोजनका लागि यस लेखापरीक्षण बुलेटिन मासिक रुपमा प्रकाशन गर्न लागिएको छ । यस बुलेटिन महालेखा परीक्षकको कार्यालयसँग, सम्बन्धित विषय र लेखापरीक्षण गतिविधि सम्बन्धमा चासो र सरोकार राख्ने व्यक्ति तथा पक्षहरुका लागि उपयोगि हुने र पारदर्शीता प्रर्बद्धन भई आर्थिक सुशासनमा योगदान पुग्ने कुरामा हामी विश्वस्त रहेका छौं ।

माननीय महालेखा परीक्षकज्यूको शुभकामना सन्देश



महालेखा परीक्षकको कार्यालयबाट सम्पन्न भएका प्रमुख क्रियाकलाप तथा गतिविधिहरु समावेश गरी २०७४ साल अषाढ महिनाबाट मासिक रुपमा लेखापरीक्षण बुलेटिन प्रकाशन शुरुवात गरेको यस ऐतिहासिक घडीमा मलाई खुशीको अनुभव भएको छ ।

नेपालको संविधानको धारा २४१ बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्य दक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने काम कर्तव्य तोकिएको छ । पचास प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणमा लेखापरीक्षक नियुक्ति गर्दा महालेखा परीक्षकसँग परामर्शगरिन व्यवस्था रहेको छ । लेखापरीक्षण कामका लागि लेखा सम्बन्धी कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार र संघीय कानुन बमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा लेखा राख्ने एवं अन्य कुनै कार्यालय लेखापरीक्षण गर्नुपर्ने गरी संघीय कानुनमा व्यवस्था गर्न सकिने गरी संविधानले महालेखा परीक्षकको काम, कर्तव्य र अधिकार निर्दिष्ट गरेको छ ।

लेखापरीक्षण ऐन, २०४८ (पहिलो संशोधन) अनुसार महालेखा परीक्षकले लेखापरीक्षण गर्ने सरकारी कार्यालय, नेपाल सरकारको पूर्णवा अधिकांश स्वामित्व भएको संगठित संस्था वा अन्य संस्थाको सबै वा ती अन्तर्गतका कुनै इकाई मात्र छनौट गरी आर्थिक कारोबार र सोसँग सम्बन्धित अन्य क्रियाकलापहरुको एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त भएका तथ्यहरु दर्शाउन, त्यसमा आलोचना गर्नर आर्थिक विवरण उपर आवश्यकता अनुसार रायसहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा सरकारी कार्यालय वा संस्थाले कारोबारको सूचना प्रवाह गर्न अपनाएका सूचना प्रविधिमा महालेखा परीक्षक वा कर्मचारीको पहुँच हुने अधिकार निर्दिष्ट गरेको छ । ऐन बमोजिम सामयिक लेखापरीक्षण गर्न सक्ने र सोको विधि, तरिका, क्षेत्र र परीक्षण गर्ने कुराहरु महालेखा परीक्षकले तोकिदिए बमोजिम हुने उल्लेख छ ।

सार्वजनिक लेखा, लेखापरीक्षण तथा महालेखा परीक्षकको कार्यालयबाट हुने विभिन्न र गतिविधिहरुका बारेमा सरोकारवालालाई जानकारी गराउन विविध विषयहरु समावेश गरी बुलेटिन प्रकाशन गर्नु सकारात्मक कामको थालनी हुनुका साथै सरकारका कार्यलाई अझ बढी पारदर्शी तथा प्रभावकारी रुपमा सञ्चालन गर्न थप मद्दत पुग्ने आशा एवं विश्वास लिएको छु ।

अन्त्यमा, बुलेटिन प्रकाशनमा संलग्न हुने सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । यो प्रकाशन प्रथम प्रयास भएकाले यसको परिमार्जन गरी आगामी दिनमा थप उत्कृष्ठ बनाउन सम्बद्ध सबैको सुझवको अपेक्षा गर्दछु । साथै यस मासिक बुलेटिन प्रकाशनको पुर्ण सफलताको कामना गर्दै यसको निरन्तरताका लागि समेत शुभकामना व्यक्त गर्दछु ।

टंकमणि शर्मा (दंगाल)
महालेखा परीक्षक

माननीय अर्थमन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीज्यूबाट महालेखा परीक्षकको कार्यालयको ५९ औं बार्षिकोत्सवको अवसरमा गर्नु भएको सम्बोधन



माननीय अर्थमन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीज्यू महालेखा परीक्षकको ५९ औं वार्षिकोत्सव कार्यक्रममा आफ्नो सम्बोधन गर्नु हुदै ।

कार्यक्रम का सभापतिज्यू, संवैधानिक अंगका प्रमुखज्यूहरु, सुरक्षा निकायका प्रमुखहरु, नेपाल सरकारका विशिष्ट पदाधिकारीहरु, संचारकर्मी तथा उपस्थित महानुभावहरु

सर्वप्रथम, महालेखा परीक्षकको कार्यालयको ५९ औं वार्षिकोत्सवमा मलाई विशेष अतिथिको रुपमा आमान्त्रण गर्नु भएकोमा महालेखा परीक्षक परिवार प्रति आभार व्यक्त गर्दछु।

अर्थतन्त्रको आकार दिन प्रतिदिन फराकिलो बन्दै गएको छ साथै आर्थिक गतिविधिका सुचकहरुले अर्थतन्त्रमा राम्रो संकेत गरेको अवस्था छ । बजेट बाँडफाँड, श्रोतको परीचालन, सार्वजनिक सम्पतीको संरक्षण र प्राप्त उपलब्धिमा कार्य दक्षताको मापन गर्नु नै आजको प्राथमिकता हो।

सार्वजनिक आर्थिक कारोबार सञ्चालनमा पारदर्शिता तथा स्वच्छता कायम गर्न नेपाल सरकार प्रतिबद्ध रहने छ । लेखापरीक्षणबाट औंल्याईएका व्यहोरा अनुसार प्राप्त सुझावहरुको कार्यन्वयनमा नेपाल सरकारका तर्फबाट प्रयास गर्दै जाने व्यवस्था मिलाउन आवश्यक पहल गरीने छ।

वित्तीय व्यवस्थापनका सम्बन्धमा लेखापरीक्षणबाट महत्वपूर्ण तेस्रो पक्षीय दृष्टिकोणको मूल्यांकनमा गर्दै आएको योगदान उल्लेखनीय छ।

आर्थिक प्रशासनका माध्यमबाट सुशासन प्रबर्धनमा लेखापरीक्षकको महत्वपूर्ण भूमिका रहन्छ । यसबाट स्वच्छ पारदर्शि र भ्रष्टाचार मुक्त समाजको स्थापनामा योगदान पुग्ने देखिन्छ।

लेखापरीक्षणको प्रतिवेदनमा उल्लेखित व्यहोराका सम्बन्धमा सार्वजनिक लेखा समितिमा छलफल भई प्राप्त निर्देशनहरुको कार्यान्वनमा मन्त्रालयको यथेष्ठ ध्यान पुऱ्याउने गरीएको छ । यस कार्यमा अझै प्रतिवद्ध भएर सुधारका कार्यमा अगाडी बढाउन प्रयास गरिने छ।

स्वतन्त्र संवैधानिक निकायको हैसियतबाट महालेखापरीक्षकले नेपालको संविधान अनुसार नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको आधारमा गरेको मूल्यांकनबाट वित्तीय उत्तरदायित्व प्रर्वद्धन, सुशासन र दीगो विकासका लागि मार्ग निर्देशन मानि मन्त्रालयबाट परीपालना गराउन पहल गरिने छ।

५४ औं प्रतिवेदन सम्म कारवाही गरी टुङ्गो लगाउनु पर्ने देखिएको करीव ४ खर्ब रुपैयाँ बेरुजु टुङ्गो लगाउने कार्यमा आवश्यक कारवाही तत्काल थालनि गर्ने र कम भन्दा कम बेरुजु रहने गरी कार्य गर्न सरकारी संयन्त्रहरु परीचालन गर्न पहल गरिने छ।

क्रमश: पृष्ठ ५ मा

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्माज्यूबाट महालेखा परीक्षकको कार्यालयको ५९ औं बार्षिकोत्सवको अवसरमा गर्नु भएको सम्बोधन



माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगाल महालेखा परीक्षकको ५९ औं वार्षिकोत्सव कार्यक्रममा आफ्नो सम्बोधन गर्नु हुदै ।

सम्माननीय राष्ट्रपतिज्यू, माननीय अर्थमन्त्रीज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपतिज्यू, संवैधानिक निकायका माननीय प्रमुखज्यूहरु, माननीय महान्यायधिवक्ताज्यू, नेपाल सरकारका मुख्य सचिवज्यू, श्रीमान् प्रधान सेनापतीज्यू, व्यवस्थापिका संसदका महासचिवज्यू, संवैधानिक निकायका माननीय पदाधिकारीज्यूहरु, नेपाल राष्ट्र बैंकका गर्भनरज्यू, विभिन्न निकायका उपकुलपतिज्यूहरु, नेपाल सरकारका सचिवज्यू तथा विशिष्ट श्रेणीका पदाधिकारीज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु, पूर्वमहालेखा परीक्षकज्यूहरु, सार्वजनिक संस्थानका प्रमुखज्यूहरु, विभिन्न कोष, परिषद्, बोर्डका प्रमुखज्यूहरु, संचारकर्मी साथीहरु, महालेखा परीक्षकको कार्यालयका सम्पूर्ण कर्मचारीहरु र उपस्थित सम्पूर्ण महिला तथा सज्जनवृद । नमस्कार तथा अभिवादन।

नेपालको संविधान बमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको ११ औं महालेखा परीक्षकमा नियुक्त भई आज महालेखा परीक्षकको कार्यालयको ५९ औं वार्षिकोत्सव मनाउन पाउँदा मैले अत्यन्त गौरव महसुस गरेको छु । यस अवसरमा सम्माननीय राष्ट्रपतिज्यू प्रति हार्दिक आभार व्यक्त गर्दै सम्माननीय राष्ट्रपतिज्यू लगायत उपस्थित सबै अतिथि गणमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु।

नेपालको संविधान, २०१५ देखि महालेखा परीक्षकको व्यवस्था भई २०१६ अषाढ १५ गते आजकै दिनमा पहिलो महालेखा परीक्षक नियुक्त भई महालेखा परीक्षकको कार्यालय स्थापना भएको हो । महालेखा परीक्षकको कार्यालयलाई २०१६ देखि हालसम्म ल्याउन नेपालको पहिलो महालेखा परीक्षक चन्द्रबहादुर थापा देखि निवर्तमान महालेखा परीक्षक श्री भानुप्रसाद आचार्य समेत १० जना पूर्वमहालेखा परीक्षकज्यूहरुले गर्नु भएको नेतृत्वको कदर गर्दै उहाँहरुको योगदानको उच्च प्रशंसा गर्न चाहन्छु।

नेपालको संविधान बमोजिम महालेखा परीक्षकले, राष्ट्रपति, उपराष्ट्रपति कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्याधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाल लगायत संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयहरुको लेखापरीक्षण नियमितता, मितव्ययीता, प्रभावकारीता, कार्यदक्षता र औचित्यता समेतको आधारमा गर्ने व्यवस्था छ। त्यस्तै नेपाल सरकारको पूर्णस्वामित्व

भएका र अधिकांश स्वामित्व भएका संस्थाको लेखापरीक्षणमा नियुक्ती तथा परामर्श दिने व्यवस्था रहेको छ । महालेखा परीक्षकको कार्यालयबाट आफ्नै कर्मचारी मार्फत वा सहायक वा परामर्श मार्फत उल्लेखित जिम्मेवारी पुरा गरी सम्माननीय राष्ट्रपति समक्ष प्रतिवेदन पेश भईरहेको छ।

नेपालको वित्तीय प्रशासनको विद्यमान अवस्था विश्लेषण गर्दा सकारात्मक र नकारात्मक दुबै स्थिति रहेका छन्। अर्थतन्त्रमा हाल लामो अवधि पछि उच्च आर्थिक बृद्धिदरको अनुमान गरिएको छ। सरकारी खर्च तथा वित्तीय जवाफदेहिताको मूल्याङ्कन केही बाह्य जाँच र परीक्षण बाहेकका सूचकहरु सकारात्मक रहेका छन्। अर्को तर्फ महालेखा परीक्षकको चवन्नौं प्रतिवेदन, २०७३ अनुसार यस प्रतिवेदन अवधिमा सरकारी कार्यालय तर्फ करिब रु. १२९५ अर्ब लेखापरीक्षण हुँदा करिब ८९ अर्ब बेरुजू कायम भएको छ । जुन लेखापरीक्षण अंकको ६.८६ प्रतिशत रहेको छ। विगतदेखि हालसम्म बेरुजु अंक रु.३९६ अर्ब पुगेको छ । महालेखा परीक्षकको चवन्नौ प्रतिवेदन, २०७३ अनुसार ४७८६ कार्यालयको करिब रु.३३४० अर्बको लेखापरीक्षण भएको छ। यसमा विकास समिति, कोष, परिषद्, विश्वविद्यालय र आंशिक स्वामित्व भएका संस्थाहरुको समेत हिसाब गर्दा अझ ठूलो अंकको कारोबार महालेखा परीक्षकको लेखापरीक्षण कार्यक्षेत्रमा पर्ने देखिन्छ । हाल थप भएको स्थानीय निकायहरु समेत यस वर्ष लेखापरीक्षण गर्न पर्ने संख्या करीव ५ हजार ५ सयको पुग्ने अनुमान छ।

लेखापरीक्षण अंक र बेरुजु

सरकारी निकायतर्फ विगत ३ वर्षको लेखापरीक्षण र बेरुजू अंकको तुलनात्मक स्थिति निम्नानुसार छ: (रु. लाखमा)

प्रतिवेदन	लेखापरीक्षण अंक	बेरुजू अंक	प्रतिशत
बाउन्नौं (२०७१)	८५३९४६४	३७४०५७	४.३८
त्रिपन्नौं (२०७२)	१०४३२३८४	४८७७८८	४.६७
चवन्नौं (२०७३)	१२९५४४९२	८८८५५९	६.८६

मुलुकको वित्तीय प्रशासनमा र आर्थिक अनुशासनमा कमी कमजोरी देखिएका छन। यसो हुनुमा विगतका राजनैतिक, प्रशासनिक, व्यवस्थापकीय र लामो अवधिसम्म, स्थानीय तहमा जनप्रतिनिधि विहिनता र कमजोर बाह्य जाँच तथा अनुगमन जस्ता कारण रहेका छन्। तर अब परिस्थितिमा परिवर्तन आई पुराना कमजोरी सच्याउने अवसर प्राप्त भएको छ। व्यवस्थापिका संसद र संसदीय समितिहरु क्रियाशील रहेका छन् । स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधिहरुले कार्यभार सम्हाल्न थालनी गरिसकेका छन् । यस परिप्रेक्षमा विकास निर्माण, सेवा प्रवाह, सार्वजनिक खर्च तथा स्रोत व्यवस्थापन गर्दै सुशासन प्रबर्द्धन गर्ने र आर्थिक अनुशासन कायम गर्ने सुनौलो अवसर रहेको छ। तसर्थ यस्तो अवसरको उपयोग गर्दै आर्थिक अनियमितता नहुने गरी आर्थिक कारोवार गर्ने पद्धति स्थापित गर्न सबैको ध्यान जान जरुरी रहेको छ।

महालेखा परीक्षकको कार्यालयले पनि यो अवसरको पूर्ण उपयोग गर्दै संविधानले निर्दिष्ट गरेका आधारमा वैज्ञानिक विधि र प्रक्रियाहरु अवलम्बन गरी विश्वसनीय र भरपर्दो लेखापरीक्षणको माध्यमबाट सार्वजनिक वित्तीय व्यवहारमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गरी आर्थिक अनुशासन कायम गर्न गराउन अग्रणी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

हाम्रो सामु हाल बर्षौदेखि थुप्रिएको बेरुजु फछर्यौट गर्ने र भविष्यमा अनियमितता र बेरुजु हुनै नपाउने व्यवस्था गर्न ठूलो चूनौती रहेको छ । महालेखा परीक्षकको कार्यालयले आफ्नो प्रतिवेदनमा विविध विषयमा औंल्याएका व्यहोराहरु कार्यान्वयन गरी काम कारबाहीमा सुधार गर्ने तथा मुलुकमा आर्थिक अनुशासन पालना गर्दै जिम्मेवारी र जवाफदेहितामा अभिबृद्धि हुने वातावरणको सुनिश्चित गर्नु चुनौतिपूर्ण रहेको छ । त्यसै गरी लेखापरीक्षणको प्रभावकारीता अभिवृद्धि गरी अन्तर्राष्ट्रिय असल अभ्यास अनुरुप लेखापरीक्षणको स्तर कायम गर्नु, संविधान अनुसार कार्यक्षेत्र थप भएको स्थानीय तहको लेखापरीक्षण गर्ने र संघीय संरचना अनुरुप महालेखा परीक्षकको संगठनात्मक संरचना निर्माण गरी संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण गर्न पर्याप्त भौतिक र मानव स्रोतको व्यवस्था गर्नु कार्यालयका आन्तरिक चुनौतिका रुपमा रहेका छन्।

मुलुकको वित्तीय प्रशासन र व्यवहारमा माथि उल्लेख भएका समस्या समाधान गर्न र विद्यमान चुनौतिहरुको सामना गरी आर्थिक अनुशासन कायम गर्न सम्माननीय राष्ट्रपतिज्यूबाट प्राप्त मार्ग दर्शन समेत समेटी महालेखा परीक्षकको छ वर्षे कार्य योजना (२०७४-२०८०) कार्यान्वयनमा ल्याइएको छ।

सो कार्ययोजनामा संगठन संरचना परिमार्जन गरी संघ, प्रदेश र स्थानीय तहसम्मको स्थलगत लेखापरीक्षण व्यवस्था गरिनेछ । भौतिक पूर्वाधार, जनशक्ति व्यवस्था तथा क्षमता विकास, कर्मचारी सुविधा र कार्य प्रणालीमा सुधार गरिनेछ । लेखा, लेखापरीक्षण सम्बन्धी नीतिगत तथा कानुनी सुधार गर्न विद्यमान लेखा ढाँचा परिमार्जन, ऐन नियमहरुमा संशोधन र अर्थतन्त्रका विविध क्षेत्रको कारोबारको सन्दर्भमा लेखापरीक्षकले हेर्नुपर्ने विषयबारे सम्बन्धित नियमनकारी निकायहरु मार्फत् आवश्यक नीतिगत र कानुनी व्यवस्था गरिनेछ।

लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधारका लागि लेखापरीक्षण प्रक्रिया र प्रणालीमा सुधार गरिनेछ । सार्वजनिक वित्त व्यवस्थापन तथा सेवा प्रवाहमा अत्यधिक अनियमितता, हिनामिना, हानिनोक्सानी र भ्रष्टाचारको जोखिम रहेका क्षेत्रहरु पहिचान गरी तदनुरुप वित्तीय, कार्यमूलक, विशेष र अनुसन्धानात्मक लेखापरीक्षण (Financial, Performance, Specialized and Detective) तथा नेतृत्व परीक्षण (Auditing leadership) जस्ता लेखापरीक्षण विधिको आवश्यकता अनुसार अवलम्बन गरिने छ।

त्यसैगरी नागरिक समाजको सहभागितामा सामाजिक लेखापरीक्षणको (Social Audit) अवधारण समेत क्रमशः लागु गरिनेछ। जनसरोकार र सार्वजनिक महत्वका विषयहरु, राजस्व प्रक्षेपण तथा सङ्कलन प्रणाली, दिगो विकास तथा वातावरण, प्राकृतिक स्रोत र साधनको उपयोग, सांस्कृतिक सम्पदा संरक्षण, सार्वजनिक खरिद, सार्वजनिक स्वास्थ्य, महामारी तथा प्रकोप

व्यवस्थापन, र सार्वजनिक सेवा प्रवाह जस्ता क्षेत्रहरुमा जोखिमका आधारमा विशेष ध्यान केन्द्रित गरि यसै वर्षदेखि तत्कालै सामयिक लेखापरीक्षण (Concurrent Audit) का गरिने छ। सामयिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धमा विशेष प्रबन्ध गर्नपर्ने देखिएको छ।

सार्वजनिक निकाय र संस्थाहरुको लेखा व्यवस्थापन र आन्तरीक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण लगायतका कार्य प्रणालीमा सुधारात्मक उपायहरु अवलम्बन गरी अनियमितता र बेरुजू न्यूनीकरण गर्ने, लेखापरीक्षणबाट देखिएका अनियमितता तथा बेरुजू समयमै फछ्यौंट गर्ने कार्यलाई प्रभावकारी बनाउने र अत्यधिक बेरुजू हुने निकायहरुलाई उच्च जोखिम समूहमा वर्गीकरण गरी विशेष निगरानी तथा अनुगमनको व्यवस्था गरिने छ।

वित्तीय जवाफदेहिताको मूल्याङ्कन गरी कार्यालय र जिम्मेवार पदाधिकारीको वर्गीकरण गरी प्रतिवेदन मार्फत सार्वजनिक गरिने छ। सार्वजनिक पदमा बहाल रहेका पदाधिकारीलाई विशेष जिम्मेबारी दिनु पर्दा आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता पालनाको स्तर समेतलाई आधार लिने व्यवस्था कार्यान्वयनका लागि पहल गरिने छ।

चवन्नौं प्रतिवेदनको बेरुजु

म.ले.प.को चवन्नौं प्रतिवेदन अनुसार लेखापरीक्षणबाट सरकारी कार्यालय तर्फ रु.८८ अर्ब ८५ करोड र संगठित संस्था एवं समितितर्फ रु.८ अर्ब ५८ करोड समेत निम्नानुसार रु.९७ अर्ब ४४ करोड बेरुजू देखिएको छ: (रकम रु. लाखमा)

वर्गीकरण	सरकारी कार्यालय	जिल्ला विकास समिति, समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजूको प्रतिशत
१. असुल गर्नु पर्ने	४०,४३,८९	९४,७८	४१,३८,६७	४२.४८
२. नियमित गर्नुपर्ने	२४,४०,३२	६,०७,७८	३०,४८,१०	३१.२८
३. पेश्की	२४,०१,३८	१,५५,५४	२५,५६,९२	२६.२४
जम्मा बेरुजू	८८,८५,५९	८,५८,१०	९७,४३,६९	१००.००

महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख भएका व्यहोरा उपर समयमै छलफल गरी निरुपण हुने व्यवस्थाको लागि व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिसँग नियमित समन्वय र सहकार्य गरिने छ। व्यवस्थापिका संसद र संसदीय समितिहरुसँग निकट सम्बन्ध स्थापित गरी निर्देशन र सुझावहरु कार्यान्वयन गरिने छ। संवैधानिक निकायहरुसँग सूचना आदान प्रदान गरी आवश्यक सहकार्य गरिने छ।

प्रस्तुत कार्ययोजनाको कार्यान्वयनबाट सार्वजनिक निकायहरुमा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि हुने, पारदर्शिता प्रवर्धन हुने, सरकारी कोषको दुरुपयोग नियन्त्रण भई मुद्राको सार्थकता सुनिश्चित हुने, मुलुकको शासकीय व्यवस्थामा अनियमितता र खराब प्रवृत्तिसँग जुध्न सक्ने प्रतिरोधात्मक क्षमता बृद्धि भई सुशासनका सूचकहरुमा सुधार आउने, आर्थिक अनुशासन कायम भई अनियमितता र बेरुजू न्यूनीकरण हुने, वित्तीय व्यवस्थापनका बारेमा आम नागरिकमा सचेतना बढ्ने, महालेखा परीक्षकको कार्यालयबाट सम्पादित लेखापरीक्षणको गुणस्तर र प्रभावकारिता बृद्धि भई सर्वोच्च लेखापरीक्षण संस्थाको विश्वसनीयता र अन्तर्राष्ट्रिय साख अभिवृद्धि गर्न मद्दत पुग्ने अपेक्षा राखेको छु।

लेखापरीक्षणबाट केवल त्रुटी र अनियमितता मात्र पहिचान गरिदैंन। त्रुटी र समस्या उजागर गरी सुधारका लागि सुझाव प्रदान गर्दछ। जुन असल शासनका लागि महत्वपूर्ण औजार साबित हुन सक्तछ। लेखापरीक्षणले सार्वजनिक निकायहरुबाट भएका विकास निर्माण, सेवा प्रवाह, राजस्व, खर्च लगायतका विभिन्न काम कारबाहीको सुक्ष्म विश्लेषण र परीक्षणबाट जोखिम र विकृत्तिका क्षेत्र पत्ता लगाई तीनको निराकरण गरी शासकीय प्रणालीको स्वस्थ्य संचालनमा मद्दत पुऱ्याउने सुझावहरु प्रदान गर्दछ।

तसर्थ मुलुकको समग्र वित्तिय अनुशासन र सुशासनका लागि लेखापरीक्षण प्रतिवेदनको व्यहोरा/सुझावहरु कार्यान्वयन गर्न सबैको तत्परता आवश्यक देखिन्छ। मुलुकमा वित्तिय अनुशासन र सुशासन कायम गर्ने दिशामा व्यवस्थापिका संसद, संवैधानिक निकाय, नेपाल सरकार, सार्वजनिक संस्था, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आमनागरिक लगायत सबैको भूमिका अपरिहार्य रहने भएकाले यस दिशा तर्फ सम्बन्धित सबैको सहयोगको अपेक्षा गर्दछु।

महालेखा परीक्षकको कार्यालयको दुरदृष्टी जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील हुन प्रयत्नशील रहने भएकाले लेखापरीक्षणको व्यवसायीक निष्ठा, स्वतन्त्रता, व्यावसायिकता, पारदर्शीता र जवाफदेहिता प्रबर्द्धन गर्न महालेखा परीक्षकको कार्यालय सदा तत्पर रहने छ।

अन्त्यमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस कार्यक्रममा उपस्थित हुनुहुने सम्माननीय राष्ट्रपतिज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै माननीय अर्थ मन्त्रीज्यू लगायत उपस्थित सम्पूर्ण अतिथिहरु प्रति पूनः हार्दिक कृतज्ञता र धन्यवाद व्यक्त गर्न चाहन्छु।

माननीय अर्थमन्त्रीज्यूबाट.....

महालेखा परीक्षकको कार्यालयले सबै सरकारी निकाय लगायत सेना, प्रहरी, संवैधानिक निकाय, केन्द्रीय, प्रदेश तथा स्थानिय तह को समेत लेखापरीक्षण गर्नुपर्ने भएकोले यस कार्यलयको भौतिक र संरचनात्मक सुधारमा आवश्यक सहयोग गर्न मन्त्रालय सदैव तयार रहेको छ।

अब ठूलो मात्रामा बजेट स्थानिय तह सम्ममा पुगेको अवस्थाले स्थानिय तहको विकासमा नयाँ फड्को मार्ने आशा जनताले लिएको अस्थामा बजेटको मान्यता अनुरुप सबै तहमा हुने खर्चको उपलब्धिलाई असल अनुशासनमा ल्याउन लेखापरीक्षण एउटा बलियो औजार हो।

संघियता कार्यन्वयनको सम्बन्धमा संघ, प्रदेश र स्थानिय तहमा रुपान्तरण हुने निकायहरुको लेखापरीक्षणको जिम्मेवारी पूरा गरी आर्थिक व्यवस्थापन चुस्त स्फुर्त बनाउने सुझाव महालेखा लेखापरीक्षकबाट प्राप्त हुने विश्वास लिएको छु। सम्माननीय राष्ट्रपती महोदयबाट संवैधानिक निकायको बार्षिकोत्सोबमा उपस्थित भई यस संस्थाका कर्मचारीहरुलाई काम प्रति अझ उत्प्रेरित हुन हौसला प्रदान गर्नु भएकोमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

धन्यवाद।

सम्माननीय राष्ट्रपतिज्यूबाट.....

महालेखा परीक्षकको कार्यालयले दिगो विकास र स्वच्छ वातावरण, सार्वजनिक सेवा प्रवाह र नियमन, उत्पादन तथा उत्पादकत्व वृद्धि, सामाजिक सेवा र जनस्वास्थ्यका क्षेत्र र सार्वजनिक वित्तीय व्यवस्थापनको सबल र दूर्बल पक्षहरुको विश्लेषण गर्ने, आर्थिक कारोबारका नतिजाहरुमा राय र सुझाव दिने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । सार्वजनिक खर्च तथा स्रोत व्यवस्थापनमा सुशासन र वित्तीय जवाफदेहिताको प्रवर्द्धन गर्न नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम स्वतन्त्रता, निष्ठा, विश्वसनीयता, व्यावसायिकता र सार्वजनिक हितमा सेवा प्रवाह गर्ने लगायतका मूल्य मान्यताहरुलाई लेखापरीक्षकहरुले आत्मसात गर्नु जरुरी देखिन्छ।

नेपालको संविधानअनुसार व्यवस्था भएको संघ, प्रदेश तथा स्थानीय तहमा लेखापरीक्षणको बढ्दो क्षेत्राधिकारले महालेखा परीक्षकको दायरा अझ व्यापक भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ पार्न महालेखा परीक्षकबाट हुने लेखापरीक्षणको महत्वपूर्ण भूमिका रहेको छ । संविधानले अंगीकार गरेको आर्थिक क्षेत्रका गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिष्पर्धा कायम गरी सर्वाङ्गिण राष्ट्रिय विकासलाई प्रोत्साहन र परिचालन गर्न महालेखा परीक्षकको महत्वपूर्ण भूमिका रहने अपेक्षा लिएको छु । लगानी कर्ताको प्रतिफल सुनिश्चित गर्न, लगानीको वातावरण बनाउन, राज्यको आर्थिक प्रशासनलाई पारदर्शी, चुस्त र दरिलो बनाउन महालेखा परीक्षकको महत्वपूर्ण भुमिका हुनेनैछ । संविधानसभाद्वारा निर्मित संविधान जारी भएपछि मुलुकमा रहेको लामो राजनीतिक संक्रमणकाल समाप्त भएको परिप्रेक्ष्यमा जनताको बढ्दो सामाजिक आर्थिक रुपान्तरणको आकांक्षालाई संबोधन गर्न महालेखा परीक्षकको कार्यालयले यथोचित भूमिका निर्वाह गर्न सक्नेछ भन्ने अपेक्षा लिएको छु। संवैधानिक व्यवस्था अनुरुप राज्यको संरचना, राज्य शक्तिको बाँडफाँड, आर्थिक अधिकारको प्रयोग र राजस्व स्रोतको बाँडफाँड लगायत गतिविधिहरु आर्थिक रुपान्तरणतर्फ केन्द्रित भएको वर्तमान सन्दर्भमा मुलुकको आर्थिक प्रशासनलाई उत्तरदायी र जवाफदेही बनाउन महालेखा परीक्षकको चुनौती रहेको छ।

सार्वभौम नेपाली जनताले तिरेको राजश्व र मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय दातृ निकायबाट प्राप्त ऋण, अनुदान र सहयोगबाट जुटेको रकम खर्चगर्दा वित्तिय जवाफदेहिता प्रबर्द्धनका लागि नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा वित्तिय व्यवहारमा कडा अनुशासन पालना गराउनु महालेखा परीक्षकको मुख्य र गहनतम जिम्मेवारी हो । वित्तिय अनुशासनका साथ-साथै जनताको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने काममा भएका लापरवाही प्रति चुप लागेर बस्ने र त्यसमा जिम्मेवार नहुने प्रवृत्ति सदाका लागि अन्त्य हुनु आवश्यक छ।

राज्यमा स्रोत साधनको प्राप्ति एवं उपयोग प्रक्रियालाई निगरानी र मार्ग दर्शन गर्न लेखापरीक्षण एक कोशेढुङ्गाको रुपमा रहेको छ। सार्वजनिक संस्थान, समिति, कोष, परिषद् लगायतका संस्थाको आर्थिक कारोबारबाट हासिल भएको नतिजा विश्लेषण गरी उपलब्धि मापन र वित्तीय अनुशासन कायम गर्न महालेखा परीक्षकको कार्यालयले महत्वपूर्ण योगदान गर्नुपर्ने देखिएको छ। राज्यको स्रोत साधन र कोष सञ्चालन गर्ने सबै निकाय र तिनका पदाधिकारीहरुले जिम्मेवारी र जवाफदेहिता बहन गर्दै वित्तीय अनुशासन पालनामा अग्रणी भूमिका निर्वाह गरी अनियमितता हुनै नपाउँने गरी कार्य गर्ने अपेक्षा लिएको छु।

महालेखा परीक्षकले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन बुझाउँदा बेरुजु रकम कहालिलाग्दो रुपमा बढेको देखिएकाले बेरुजुको प्रकृति बमोजिम छिटो भन्दा छिटो फछ्यौंट गरी वित्तिय नीति र अनुशासनलाई सबल बनाउनु आजको ज्वलन्त आवश्यकता हो भन्ने मैले ठानेको छु। जबसम्म देश भ्रष्ट्राचारबाट मुक्त हुँदैन तबसम्म मुलुक समृद्ध हुन सक्दैन भन्ने सबैले मनन् गरेकै कुरा हो । वर्तमान विश्वमा भूमण्डलीकरणले तीव्रता लिइरहेको सन्दर्भमा आर्थिक गतिविधिमा समेत बढोत्तरी भइरहेको छ। यस्तो अवस्थामा अन्तर्राष्ट्रिय अनुभवहरुलाई समेत यथोचित ध्यान दिइ ती अनुभवहरुलाई अवलम्बन गर्नुपर्ने हुन सक्छ। यस प्रसंगमा अन्तर्राष्ट्रिय लेखापरीक्षण संस्थाहरुद्वारा जारी गरिएका मापदण्ड तथा असल अभ्यासहरु प्रयोगमा ल्याउन पर्याप्त ध्यान पुऱ्याउनु उपयोगी हुने अपेक्षा गरेको छु।

सीमित जनशक्ति, प्रविधि र सुविधाको परिधि एवं भौगोलिक कठिनाइका बाबजूद लेखापरीक्षण गरी हासिल गरेका उपलब्धी र सफलता सराहनीय रहेको देखिन्छ।

अन्तमा, महालेखा परीक्षकले हाल तयार गरेको ६ वर्षे कार्य योजना २०७४-२०८० मा उल्लेख गरेका कार्यहरु सम्पादन गरी मुलुकको वित्तीय प्रशासनमा जिम्मेवारी र जवाफदेहिता सुनिश्चित गर्दै नतिजामूलक आर्थिक अनुशासन कायम गराउन सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

Cash flow



निर्देशक रमेश ढकाल

सम्पत्तिमा वृद्धि हुँदा, माइनस भन्ने जात हुन्छ,
शेयर पूँजी वृद्धि हुँदा, पलस भन्ने हात हुन्छ,
वासलात भित्र डुल्ने गरौ, तेश्रो पक्ष पनि हुन्छ,
Financing र Investing मा रङ्गीचङ्गी वर्ण हुन्छ,
पृथक पृथक मानदण्डमा, आफनै-आफ्नै धर्म हुन्छ,
धर्म, वर्ण, लिङ्ग जातमा, आरक्षणको कथा बन्छ,
Cashflow को मार्ग चित्र, समावेशी हुन्छ ।
Liabilities आउने गर्छ, Assets जति जाने गर्छ,
Deposit प्लस हुन्छ, Loan को Nature माइनस हुन्छ,
Positive र Negative मा आउने जाने क्रम हुन्छ,
Appreciate, Depreciate Cash flow मा यस्तै हुन्छ,
लेखाङ्कनमा Error आए, दुःख पाउनु पर्छ,
Cashflow को चरित्रमा सुधार ल्याउनु पर्छ,
अग्रगामी सोच लिए, दृष्टि पुग्छ सबको ।
Cashflow को मार्ग चित्र, हुन्छ भने जस्तो ।

महालेखा परीक्षकको कार्यालयको ५९ औं बार्षिकोत्सव कार्यक्रमसँग सम्बन्धीत तस्वीरहरू



माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालज्यू सहित कर्मचारीहरु ५९औं बार्षिकोत्सवको उपलक्षयमा भृकुटीमण्डपबाट शुरु भएको नेपाल प्रहरीको व्याण्ड सहितको प्रभात फेरीमा सहभागी हुदै ।



माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालज्यू सहित कर्मचारीहरु प्रभात फेरी कार्यक्रममा सहभागी हुदै ।



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूलाई स्वागत गर्दै माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालज्यू

महालेखा परीक्षकको कार्यालयको ५९ औं बार्षिकोत्सव कार्यक्रमसँग सम्बन्धीत तस्वीरहरू



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू पानसमा दिप प्रज्वलन गरी कार्यक्रम उद्घाटन गर्नुहुदै



बार्षिकोत्सव कार्यक्रममा उपस्थित अतिथि गणहरु



माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालज्यूसँग सामूहिक तस्विर लिदै कर्मचारीहरु

महालेखा परीक्षकको कार्यालयको ५९ औं बार्षिकोत्सव कार्यक्रमसँग सम्बन्धीत तस्वीरहरू



वर्तमान माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालज्यू तथा पूर्व महालेखा परीक्षक श्री भानुप्रसाद आचार्यज्यूहरुसँग सामूहिक तस्विर लिदैं कर्मचारीहरु



महालेखा परीक्षकको कार्यालयको ५९ औं बार्षिकोत्सवको उपलक्ष्यमा आयोजित रक्तदान कार्यक्रममा सहभागी हुँदै उप-महालेखा परीक्षक श्री बाबुराम गौतम र कर्मचारीहरु



महालेखा परीक्षकको कार्यालयको ५९ औं बार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कर्मचारीहरुलाई सम्मान कार्यक्रममा सहभागी हुँदै माननीय महालेखा परीक्षक टंकमणि शर्मा दंगालज्यू र उपमहालेखा परीक्षकहरु श्री मोहदत्त तिमिलसिना, श्री बाबुराम गौतम र श्री ईश्वर नेपाल

पुरस्कार प्रदान



महालेखा परीक्षकको कार्यालयको ५९ औं वार्षिकोत्सव समारोहमा पुरस्कृत कर्मचारीहरु

२०७४ असार १५ गते महालेखा परीक्षकको कार्यालयको ५९ औं वार्षिकोत्सवका उपलक्ष्यमा आयोजित "नेपालको संघीय शासन प्रणालीमा महालेखा परीक्षक कार्यालयको भूमिका" विषयक राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा प्रथम, द्वितिय र तृतिय स्थान हासिल गर्ने क्रमश: श्री वैभवदिप श्रेष्ठ, श्री शिवहरी पोखरेल र श्री लेख बहादुर थापालाई सम्माननीय राष्ट्रपतिज्यूबाट पुरस्कार प्रदान गरिएको थियो । साथै कार्यालयमा उत्कृष्ट काम गर्ने विभिन्न ६ जना कर्मचारीहरु निर्देशक श्री शिवराम गुरौं, लेखापरीक्षण अधिकारीहरु श्री सविना चित्रकार, श्री कुमार आचार्य र श्री शिवहरी पोखरेल, लेखापरीक्षण अधिक्षक श्री मधुसुदन महत र हल्का सवारी चालक श्री सूर्य बहादूर तामाङलाई समेत राष्ट्रपतिज्यूले पुरस्कार प्रदान गर्नु भयो ।

सम्मान



२०७४ असार १५ गते महालेखा परीक्षकको कार्यालयको ५९ औं बार्षिकोत्सवका उपलक्ष्यमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले निवर्तमान महालेखा परीक्षक श्री भानुप्रसाद आचार्यलाई पूर्वमहालेखा परीक्षकका हैसियतमा सम्मान प्रदान गर्नु भयो ।

महालेखा परीक्षकको ५९औं वार्षिकोत्सवको अवसरमा आयोजित राष्ट्रव्यापी "नेपालको संघीय शासन प्रणालीमा महालेखा परीक्षकको भूमिका" विषयक निवन्ध प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल निवन्ध



बिषय प्रवेश

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक बिशेषतायुक्त, भौगोलिक विविधताले वैभवशाली राष्ट्र हो । प्राकृतिक तथा मानवीय संशाधनले समृद्ध हुँदाहुँदै पनि हाम्रो देश अति कम विकसित मुलुकको सूचीबाट स्तरोन्नति हुन सकेको छैन । आम नागरिकको जीवन गरिबीको दुष्चक्रमा फसेको छ । अझै पनि २१.६ प्रतिशत मानिसहरु गरिबीको रेखामुनि रहेका छन् । भ्रष्टाचार, दण्डहीनता र बेरोजगारी व्याप्त छ । देशको अर्थतन्त्र वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले धानेको अवस्था छ । केन्द्रीकृत र एकात्मक शासन व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद अन्त्य गरी दिगो शान्ति, सुशासन, विकास र समृद्धिको जनआकांक्षा पूरा गरी समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अँगालिएको संविधान जारी भएको छ।

संघीय शासन प्रणाली बारेमा संवैधानिक व्यवस्था

संविधान सभाबाट जारी नेपालको संविधानमा संघीय नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था छ। संघीय संरचनामा सबै भन्दा माथिल्लो इकाइको रुपमा संघ, तत्पश्चात ७ वटा प्रदेश र स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने उल्लेख छ । सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने व्यवस्था छ। स्थानीय तहको संख्या र सीमाना निर्धारण गर्न गठित आयोगको प्रतिवेदनका आधारमा ४ महानगरपालिका, १३ उपमहानगरपालिका, २४६ नगरपालिका र ४८१ गाउँपालिका गरी ७४४ वटा स्थानीय तह निर्धारण भई पहिलो चरणको निर्वाचन सम्पन्न भइसकेको छ। संविधानमा संघ, प्रदेश र स्थानीय तहको अधिकार, राजस्व स्रोतको बाँडफाँडका साथै संघीय, प्रदेश एवं स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका, आर्थिक कार्य प्रणाली, संघीय तथा प्रदेश व्यवस्थापन कार्यविधिका साथै संघ, प्रदेश र स्थानीय तह बीच अन्तर सम्बन्ध उल्लेख छ।

संघीय शासन प्रणालीका चुनौतीहरु

शताब्दियौंदेखि एकात्मक राज्य प्रणालीको अभ्यास गरेका हाम्रा लागि संघीयता व्यवस्थापन नौलो विषय हो । भर्खरै गठन भएका र गठन हुने क्रममा रहेका स्थानीय तह र आगामी वर्ष गठन हुने प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्ने तथा पूर्वाधार निर्माणको लागि आवश्यक स्रोतको व्यवस्था गर्ने कार्य चुनौती पूर्णछ । मुलुकको शासन प्रक्रियामा जनतालाई अधिकाधिक मात्रामा सहभागी गराई लोकतन्त्रको लाभांश जनतासमक्ष पुऱ्याउने, संघ, प्रदेश र स्थानीय तहका बीचमा उपयुक्त तवरले स्रोतसाधन तथा

राजश्वको बाँडफाँड गरी सोको परिणामदायी सदुपयोग मार्फत दिगो आर्थिक विकास, गरिबी निवारण र व्यापक रोजगारी सिर्जना गर्ने, भ्रष्टाचार न्यूनीकरण, सार्वजनिक प्रशासनलाई संघीय शासन प्रणाली अनुकुल रुपान्तरण गर्ने तथा सेवा प्रवाहमा प्रभावकारिता ल्याउने चुनौतीहरु विद्यमान छन्।

नेपालको संघीय शासन प्रणालीमा महालेखा परीक्षकको भूमिका

महालेखा परीक्षक नेपालको सर्वोच्च लेखापरीक्षण संस्था (Supreme Audit Institution) हो । सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय संगठन (INTOSAI) एवं सर्वोच्च लेखापरीक्षण संस्थाहरुको एशियाली संगठन (ASOSAI) को महालेखापरीक्षक सदस्य रहेको छ। सार्वजनिक कोष (Public Funds) को प्राप्ति र उपयोगका सम्बन्धमा लेखापरीक्षण प्रतिवेदनको माध्यमबाट संघीय संसद मार्फत सार्वभौमसत्ता सम्पन्न नेपाली जनतालाई सुसूचित गर्नु महालेखा परीक्षकको संवैधानिक दायित्व हो। नेपालको संविधानमा महालेखा परीक्षकले संघीय र प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह तथा कानूनद्धारा तोकिएका अन्य संस्थाको लेखा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । महालेखा परीक्षकले आफूले गरेको काम कारबाहीको बार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत उक्त प्रतिवेदन संघीय संसद समक्ष पेश गरेपछि सार्वजनिक लेखा समितिमा प्रतिवेदनमाथि छलफल गर्ने व्यवस्था छ । प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था समेत गरिएको छ।

महालेखा परीक्षकले सार्वजनिक कोषको पहरेदार/निगरानीकर्ता (Watchdog) को भूमिका निर्वाह गर्दछ । सरकारका कुनै पनि तह, निकाय वा पदाधिकारीबाट सार्वजनिक स्रोत साधन तथा अधिकारको दुरुपयोग हुन नदिन काम कारबाहीलाई सुशासनको कसीमा राखी जाँच्दछ । संविधान अनुसार संघ, प्रदेश र स्थानीय तह गरी ३ तहको लेखापरीक्षण गर्नुपर्ने भई दायरा (Scope) विस्तार भएकाले महालेखा परीक्षकले सरकारी आर्थिक कारोबारको सञ्चालनमा विधिको शासन, जवाफदेहिता, पारदर्शिता, समता, निष्ठा जस्ता सुशासनका आधारभूत मान्यताहरुको प्रवर्द्धनका लागि स्वतन्त्र र निष्पक्ष मूल्यांकन गरी वित्तिय सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउँछ।

संघीय शासन प्रणालीको सफलता कानूनको शासन (Rule of Law) परिपालनामा निर्भर रहन्छ । महालेखा परीक्षकले सरकारी लेखापरीक्षणका क्रममा संघ, प्रदेश वा स्थानीय तहका कुनै पनि निकायबाट सम्पादित आर्थिक काम कारवाही प्रचलित कानूनद्धारा निर्दिष्ट तरीका, प्रक्रिया, विधि, मापदण्ड बमोजिम भए नभएको परीक्षण गरी आफनो राय लेखापरीक्षण प्रतिवेदनमा समाविष्ट गर्दछ। जसले गर्दा एकातिर सार्वजनिक पदमा रहेका पदाधिकारीहरुलाई स्वेच्छाचारी हुनबाट रोक्दछ भने अर्को तिर सार्वजनिक स्रोतसाधनको कुशल प्रयोगमा बल पुग्दछ। प्रचलित कानून विपरितको आर्थिक व्यवहार नै बेरुजु हुने हुँदा कानून बमोजिम सार्वजनिक स्रोत साधनको अत्युत्तम प्रयोगका लागि महालेखा परीक्षकले दिशा निर्देश गर्दछ। शासन व्यक्तिको होइन विधिको हुनुपर्दछ भन्ने मान्यतालाई महालेखा परीक्षकले सम्बर्द्धन गर्दछ।

नेपालको संविधानले उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्धारा तीव्र आर्थिक वृद्धि हासिल गर्ने तथा प्राप्त उपलब्धिको न्यायोचित वितरण गरी स्वतन्त्र र सुदृढ अर्थतन्त्रको विकास गर्ने आर्थिक उद्देश्य निर्धारण गरेको छ। यो उद्देश्य प्राप्त गर्न राज्यका स्रोत साधनको प्राप्ति एवं उपयोग मितव्ययी, दक्ष र प्रभावकारी हुन जरुरी छ। लोकतान्त्रिक शासन व्यवस्थामा जननिर्वाचित सरकार गठन हुने र सार्वजनिक पदमा नियुक्त, निर्वाचित वा मनोनित पदाधिकारीहरुले स्रोतसाधन र अधिकारको प्रयोग गर्दा आफूबाट सम्पादित कार्यर निर्णयका सम्बन्धमा जनताप्रति जवाफदेही (Accountable) हुनुपर्दछ। Principal Agent Relationship मान्यता बमोजिम सार्वजनिक पदाधिकारी (Agent) मालिकरुपी जनता (Principal) को चाहना अनुरुप परिचालन भएमा मात्र जवाफदेहीताको कदर हुनसक्छ । जनताप्रतिको जिम्मेवारी र उत्तरदायित्व प्रतिको सचेतना बिना राज्यबाट दिइने सेवाको सहज प्राप्ति हुन सक्दैन । सार्वजनिक स्रोत साधनको परिचालन जवाफदेही ढङ्गबाट भए नभएको मूल्याङ्कन गरी वित्तिय जवाफदेहिता सुनिश्चित गर्न प्रतिवेदकको जिम्मेवारी संविधानले महालेखा परीक्षकलाई सुम्पेको छ। साथै संविधानको धारा २९३ बमोजिम महालेखा परीक्षक स्वयं पनि संघीय संसद प्रति उत्तरदायी र जवाफदेही रहनुपर्दछ।

मुलूक अहिले संविधानको सर्वस्वीकार्यता बढाउँदै कार्यान्वयनको चरणमा छ। यो काम जटिल र चूनौतीपूर्ण अवश्य छ तर यसलाई नयाँ नेपाल निर्माणको ऐतिहासिक विकल्पका रुपमा लिएर अगाडि बढ्नुको कुनै विकल्प छैन। स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफै संलग्न हुने वातावरण बनेको छ। राजनीतिक प्रणालीप्रति नागरिकको भरोसा पुर्न स्थापित भएको छ। यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने अवको बाटो भनेको तीव्र आर्थिक विकास नै हो। संविधान बमोजिम स्थानीय विकास निर्माणका काम तत् तत् स्थानीय तहले नै छनौट र कार्यान्वयन गर्ने तथा साविकमा बिषयगत मन्त्रालयहरुबाट सम्पादन भइरहेका तर नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भएका अधिकांश कार्यहरु स्थानीय तहबाटै सञ्चालन हुने भएकाले स्थानीय तहको बजेटको आकार क्रमशः बढ्दै जाने निश्चितप्रायः छ। कठिनतम ढंगले उपलब्ध हुने वित्तीय साधन स्थानीय विकासका लागि मितव्ययी, दक्ष, प्रभावकारी, परिणामदायी रुपमा सदुपयोग भए नभएको सम्बन्धमा परीक्षण, मूल्यांकन गर्ने र खर्चको प्रभावकारीता अभिवृद्धि गर्न सुझाव सहित देखिएका व्यहोरा लेखापरीक्षण मार्फत सार्वभौम संसदलाई जानकारी गराउने कार्य महालेखा परीक्षकले गर्दछ।

केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाप्रति नेपाली जनताको वितृष्णाको कारण गोप्यता र अपारदर्शिता हो । अपारदर्शितामा छलकपट र भ्रष्टाचार मौलाउँछ। संघीय शासन प्रणालीको हरेक तहका Decision, Action , Transaction र Information खुलापनको अपेक्षा जनताले राखेका छन् । महालेखा परीक्षकको बार्षिक प्रतिवेदन संघीय संसदमा प्रस्तुत भई सार्वजनिक लेखा समितिमा छलफल गरी कार्यान्वयन गरिने भएकाले राज्यकोषबाट हुने आर्थिक कारोबारमाथि जनताको पहुँच तथा सूचनाको हक स्थापित भई पारदर्शिता

(Transparency) प्रवर्द्धनमा अहम्भूमिका निर्वाह गर्दछ । महालेखा परीक्षकको प्रतिवेदनका आधारमा संसदले सरकारको आर्थिक प्रशासनमा निगरानी राख्दछ। साथै संसद आफूले पारीत गरेको नीति तथा कार्यक्रम एवं बजेट बमोजिम सरकारले काम कारबाही गरे नगरेको सम्बन्धमा विश्वस्त हुन आधार प्रदान गर्दछ।

महालेखा परीक्षकले लेखापरीक्षणको माध्यमबाट सुपरिवेक्षण (Oversight) , अन्तरनिरीक्षण (Insight) तथा दुरदृष्टि (Foresight) सेवा उपलव्ध गराएर संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका निकायहरुलाई सार्वजनिक नीति चक्र (Public Policy Cycle) का हरेक चरणमा उल्लेख्य सहयोग पुऱ्याउन सक्छ। संघीय शासन प्रणालीमा अपेक्षित लक्ष्य हासिल गर्न निर्वाचित प्रतिनिधि तथा कर्मचारीको कार्य सम्पादनको निरन्तर सुपरिवेक्षणको खाँचो हुन्छ । निर्धारित उदेश्य हासिल गर्नका लागि सार्वजनिक सम्पत्तिको कानूनत: समुचित प्रयोग गरे नगरेको सम्बन्धमा महालेखा परीक्षकले Reasonable Assurance उपलव्ध गराएर सहयोग पुऱ्याउँछ।

अन्तरनिरीक्षण गरी सरकारी नीति, कार्यक्रम, कार्य सञ्चालन तथा नतिजाहरुको स्वतन्त्र मूल्यांकन गरी समस्या तथा कमजोरीहरु, तिनका प्रभावहरु बिश्लेषण गरी नीति तथा कार्यक्रम पुनरावलोकनका लागि उपयुक्त सुझाव तथा पृष्ठपोषण प्रदान गर्न सक्दछ । संघ, प्रदेश र स्थानीय तहका संगठनहरुमा आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) साथै आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन सल्लाहकारी एवं परामर्शदायी भूमिका निर्वाह गर्न सक्दछ। लेखा सम्बन्धी काममा एकरुपता ल्याउन स्थानीय तह लगायतको लेखा तथा वित्तीय विवरणको ढाँचा महालेखा परीक्षकबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउनु पर्दछ।

संसारका कतिपय देशहरु संघीयताको कार्यान्वयन क्रममा उचित सावधानी नअपनाउँदा धराशायी समेत भएका दृष्टान्त हाम्रा सामु छ। इतिहासबाट शिक्षा लिई संघीय शासन प्रणालीलाई सफल बनाउन महालेखा परीक्षकले संघीय इकाईमा प्रवृतिगत रुपमा प्रकट हुन थालेका चूनौतीहरुलाई समयमै पहिचान गरी समाधान गर्न पूर्व तयारीका लागि दिशानिर्देश गर्दछ । महालेखा परीक्षकले वित्तिय जवाफदेहिताको प्रवर्द्धनका लागि सरकारी लेखापरीक्षणका क्षेत्रमा आर्जित आफनो बिशेषज्ञता (Expertise) का माध्यमबाट संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरुलाई आर्थिक प्रशासनका विभिन्न पक्षहरुमा वस्तुनिष्ठ तथा तथ्यपरक रुपमा सल्लाहकारी भूमिका निर्वाह गर्न सक्दछ । जोखिममा आधारित लेखापरीक्षणका माध्यमबाट संगठनको जोखिम पहिचान गरी उक्त जोखिम व्यवस्थापनका लागि उपयोगी तथा सान्दर्भिक सूचना प्रदान गर्दछ। Value for money को संम्बर्द्धन गर्न कार्य मूलक लेखापरीक्षणको दायरा बढाएर पनि अन्तरनिरीक्षण तथा दुरदृष्टि उपलव्ध गराउन सक्छ।

महालेखा परीक्षकको पछिल्ला ३ बर्षको लेखापरीक्षण प्रतिवेदन विश्लेषण गर्दा लेखापरीक्षण अंकको तुलनामा बेरुजुको मात्रा क्रमश: बढ्दै गएको पाइन्छ। बाउन्नौं, त्रिपन्नौं र चवन्नौं बार्षिक प्रतिवेदनमा लेखापरीक्षण अंकको तुलनामा बेरुजु क्रमश: ४.३८, ४.६७ र ६.८६ प्रतिशत पुगेको छ। निकायहरुको असुल फछ्यौंट गरी कारबाही टुगो लगाउनुपर्ने अद्यावधिक रकम रु. ३ खर्ब ९६ अर्ब २५ करोड ६१ लाख पुगेको छ। बर्षेनी बेरुजूको अंक बृद्धिले आर्थिक अनुशासनको कमजोर पालनालाई दर्शाउँछ। संघीय शासन प्रणालीको सबलताको लागि बजेट जवाफदेहिता सम्बन्धि कानून र संघीय आर्थिक कार्यविधि कानून तर्जुमा गर्नुपर्ने देखिन्छ। बेरुजू कायम भएपछि फछ्यौंट गर्ने तर्फ भन्दा बेरुजू आउनै नदिने अवस्था सृजना गर्न सबल आन्तरिक नियन्त्रण प्रणालीको विकास गरी आर्थिक अनुशासन उच्च राखन महालेखा परीक्षकले सुपरिवेक्षकीय, अनुगमनकारी, नियमनकारी, परामर्शदातृ भूमिका निभाउन सक्छ।

नेपालको विकासको प्रमुख बाधक तत्व भ्रष्टाचार हो। भ्रष्टाचारको गहन जालो देशभर झाँगिएको अवस्थामा छ । ट्रान्सपरेन्सी इन्टरनेशनलको सन् २०१६ को भ्रष्टाचार सूचकाङ्कको वार्षिक प्रतिवेदनमा संसारका १७६ देशमध्ये नेपाल १३१ औं स्थानमा रहेको छ। जब भ्रष्टाचार नियन्त्रित हुन्छ र सुशासनको पूर्ण प्रत्याभूति हुन्छ, तबमात्र संघीय लोकतन्त्र बलियो र प्रभावकारी हुनसक्छ।। ईन्टोसाईको लिमा घोषणापत्र तथा सोह्रौं उरुग्वे सम्मेलनले सर्वोच्च लेखापरीक्षण संस्थाको भूमिका जालसाजी र भ्रष्टाचार (Corruption) सँग जुध्ने संस्थाको रुपमा व्याख्या गरेको छ। भ्रष्टाचार नियन्त्रण लक्षित ले.प. रणनीति, फरेन्सिक लेखापरीक्षण तथा Citizen Participatory Audit का माध्यमबाट सरोकारवाला नागरिकहरुलाई लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तथा अनुगमन मूल्यांकनमा सहभागी गराउन सकिएमा लेखापरीक्षणमा नागरिकको सहभागिता र स्वामित्व अभिवृद्धि भई भ्रष्टाचार न्यूनीकरणमा फलदायी योगदान पुग्न सक्छ।

संघीय शासन प्रणालीको सफलताका लागि महालेखा परीक्षकको कार्यालयलाई सशक्त बनाउन गर्नुपर्ने सुधार :

संघीय शासन प्रणाली नेपालमा शिशु अवस्थामा रहेको छ । संघीय शासन प्रणालीको सफल कार्यान्वयनका लागि महालेखा परीक्षकको अभिभावकीय भूमिका रहने हुँदा सर्वप्रथम त महालेखा परीक्षकको कार्यालयलाई नै नमूना संस्थाका रुपमा विकास गर्न कार्यालयबाट सम्पादित कार्यहरुलाई अझ बढी जवाफदेही, पारदर्शीरुपमा गरी उदाहरणीय व्यवहार प्रदर्शन गर्न जरुरी छ।

संघीय शासन प्रणालीको कार्यान्वयनसँगै महालेखा परीक्षकको क्षेत्राधिकारमा बृद्धि भएको सन्दर्भमा संघीय संरचना अनुरुप प्रदेश र स्थानीय तहको लेखापरीक्षणलाई सहज बनाउन संगठन तथा व्यवस्थापन (Organization & Management) सर्वेक्षण गरी संगठनात्मक पुर्न संरचना गर्नु पर्दछ। क्षेत्राधिकारमा भएको बृद्धिसँगै ISSAI मानदण्ड बमोजिम समयमा नै गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्न थप जनशक्ति, बजेट तथा कार्यविधिको व्यवस्था गर्नु पर्दछ । प्रत्येक प्रदेशमा आफ्नो कार्यालय स्थापना गरी संघीय, प्रदेश र स्थानीय तहको आर्थिक कारोबारसँग सम्बन्धित जनचासो सम्बोधन गरी प्रतिवेदन गर्नुपर्ने टड्कारो खाँचो रहेको छ।

संविधानमा नै निर्दिष्ट गरी सुम्पिएको काम, कर्तव्य जिम्मेवारी कुशलता पूर्वक बहन गर्न इन्टोसाईको लिमा तथा मेक्सिको घोषणापत्र अनुसार महालेखा परीक्षकलाई संगठनात्मक र कार्यात्मक स्वतन्त्रता (Independence), सूचनामा पहुच, आफूले दिएको सुझाव कार्यान्वयनको अनुगमन गर्ने अधिकारका साथै प्रशासकीय तथा वित्तीय स्वायतत्ता प्रदान गर्न कानुनी व्यवस्था गरिनु पर्दछ।

उच्च मनोबलयुक्त तथा उत्प्रेरित जनशक्तिबाट नै

महालेखा परीक्षकको संवैधानिक दायित्व कुशलता पूर्वक निर्वाह हुन सक्दछ । संघीय शासन प्रणालीले महालेखा परीक्षकबाट अपेक्षा गरेको गुणोत्तर जिम्मेवारी पूरा गर्न जनशक्तिलाई मौद्रिक तथा गैर मौद्रिक प्रोत्साहनको उपयुक्त व्यवस्था गरी निष्ठा अभिवृद्धि गर्न पेशागत आचारसंहिताको प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्दछ।

लेखापरीक्षणको क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा आएका परिवर्तन एवं अभ्यासलाई आत्मसात गरी लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्नु पर्दछ। लेखापरीक्षण मानदण्ड (Auditing Standards), मार्ग दर्शन तथा निर्देशिका संघीय शासन प्रणाली अनुकूल समय सापेक्ष गरिनु आवश्यक छ । महालेखा परीक्षकले बेरुजु औंल्याउने मात्र नभई बेरुजुहरुको कार्यान्वयन स्थिति र प्रतिवेदन पश्चात कार्य सम्पादनमा भएको सुधारात्मक स्थितिको मूल्यांकन एवं पृष्ठपोषणका लागि पनि प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्ने देखिएको छ।

निष्कर्ष:

देशमा संघीयताको कार्यान्वयनसँगै अपूर्व उत्साह र उमंग जागृत भएको छ । आफनो गाउँ ठाउँलाई बिकासको उज्यालो दीप प्रज्वलन गरेर केन्द्रीकृत , एकात्मक , सामन्ती शासन व्यवस्थाको अँध्यारो कालरात्रीलाई बिस्मृतिमा पुऱ्याउन नेपाली जनता लालायित छन्। नयाँ जनप्रतिनिधिहरु निर्वाचित भई आए पश्चात स्थानीय स्रोत साधनको उच्चतम परिचालन, जनसहभागिता र पूँजिगत खर्च बृद्धि भई विकासले तीव्र गति लिने सम्भावना छ तर यसका लागि सार्वजनिक श्रोत साधनको प्राप्ति र उपयोग नियमसम्मत, मितव्ययी , दक्ष, प्रभावकारी र औचित्यपूर्ण रुपले हुन जरुरी छ । सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न, कानूनको शासन, पारदर्शिता, जवाफदेहिता, निष्ठा, समता अभिबृद्धि गर्न स्वतन्त्र, गुणस्तरीय एवं परिणाममुखी लेखापरीक्षण सेवा प्रदान गर्नु नै महालेखा परीक्षकको गन्तव्य भएकाले महालेखा परीक्षकको सबल भूमिकाले संघीय शासन प्रणालीको सफल कार्यान्वयनमा सार्थक योगदान पुऱ्याउँछ।

- वैभवदीप श्रेष्ठ

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालको सपथ ग्रहण र पद पहालि गर्दाका तस्वीरहरू



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीको उपस्थितिमा सम्माननीय कायम मूकायम प्रधान न्यायाधिश श्री गोपाल पराजुलीबाट सपथ ग्रहण गर्दै माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालज्यू समक्ष सपथ ग्रहण गर्दै



पद बहालि पश्चात माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगाल कर्मचारीलाई सम्बोधन गर्दै

महालेखा परीक्षकमा श्री टंकमणि शर्मा दंगाल

नेपालको संविधान बमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७४/०२/०८ गते श्री टंकमणि शर्मा दंगाललाई संवैधानिक परिषद्को सिफारिसमा महालेखा परीक्षकको पदमा नियुक्ती गर्नु भयो । माननीय महालेखा परीक्षकज्यूले सोही मितिदेखि महालेखा परीक्षकको कार्यालयमा पद बहाली गरी कार्यालयका कर्मचारीहरुलाई निर्देशन दिई विभिन्न निर्देशनालय र महानिर्देशनालयको निरीक्षण समेत गर्नु भयो ।



कर्मचारीहरु नवनियूक्त महालेखा परीक्षकज्यूलाई कार्यालयमा स्वागत गर्दै



नवनियूक्त माननीय महालेखा परीक्षकज्यू पद बहाली पश्चात कार्य प्रारम्भ गर्दै

महालेखा परीक्षकको कार्ययोजना (२०७४-२०८०)

महालेखा परीक्षकको कार्यालयले संविधान बमोजिम संघीयता कार्यान्वयनको सन्दर्भमा लेखापरीक्षणको तरिका, क्षेत्र र गुणस्तरमा सुधार गरी पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दै सुशासन कायम गराउन आवश्यक देखिएका क्रियाकलापहरुलाई समावेश गरी ६ वर्षे (२०७४-२०८०) कार्य योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ। कार्य योजनामा देहायका सुधारका क्रियाकलापहरु समावेश गरिएको छ:

१. संगठनात्मक व्यवस्था र कार्यप्रणाली सुधार

१.१ संगठन संरचना

(क) नेपालको संविधान र प्रचलित कानुनबमोजिम संघ, प्रदेश र स्थानीय तहको स्थलगत लेखापरीक्षण गर्न कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन लागू गर्ने।

(ख) महालेखा परीक्षकको कार्यालय अन्तर्गत केन्द्रमा संगठन पुनर्संरचना गर्ने तथा प्रदेश तहसम्म कार्यालय स्थापना गरी स्थलगतरुपमा लेखापरीक्षणको व्यवस्था गर्ने।

(ग) आन्तरिक नियन्त्रण, संसदीय सम्पर्क, जनसम्पर्क, अनुसन्धान तथा विकास र सूचना तथा सञ्चार जस्ता छुट्टै इकाई गठन गरी कार्यान्वयनमा ल्याइने।

(घ) महालेखा परीक्षकको कार्यालय अन्तर्गत सुविधा सम्पन्न लेखापरीक्षण तालिम केन्द्र तथा Audit Excellence Center को स्थापना व्यवस्था गरिने।

(ङ) लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन तथा बेरुजू फछ्यौंटको लागि सशक्त अनुगमन तथा बेरुजू फछ्यौंट इकाई (Audit Follow up and Irregularities Clearance unit) स्थापना गरी कार्यान्वयनमा ल्याइने ।

(च) लेखापरीक्षणको गुणस्तर नियन्त्रण तथा विश्वसनीयता सुनिश्चितताका लागि दक्ष जनशक्ति सहितको लेखापरीक्षण गुणस्तर आश्वस्तता इकाई (Audit Quality Assurance Unit) लाई सुदृढ गरी कार्यान्वयनमा ल्याइने । केन्द्रीय समन्वय इकाईलाई प्रभावकारी बनाइनेछ।

(छ) आर्थिक कारोबारको प्रकार, क्षेत्र, तरिका र जोखिमको स्तर अनुसार लेखापरीक्षण गर्ने विशेष इकाईहरु (Special Sector Audit Units) स्थापना गरी कार्य सम्पादनमा प्रभावकारिता ल्याइने।

१.२ भौतिक पूर्वाधार

(क) भौतिक पूर्वाधार आवश्यकता निर्धारण समिति गठन गर्ने र उक्त समितिले पेस गरेको प्रतिवेदनका आधारमा क्रमश: पूर्वाधार व्यवस्था गरिने।

(ख) केन्द्रमा कार्यालय भवन निर्माण कार्यतत्काल शुरु गरी समयमै सम्पन्न गरिने । नेपाल सरकारसँग समन्वय गरी महालेखा परीक्षकको लागि सरकारी आवासको व्यवस्था गरिने।

(ग) संघ तथा प्रदेश तहमा कार्यालय भवनमा अपाङ्ग मैत्री सुविधा सहितको आधुनिक भौतिक सुविधा व्यवस्था गरिने।

(घ) केन्द्र र अन्तर्गत कार्यालयहरुमा पर्याप्त सवारीसाधन, फर्निचर, कार्यालय सामग्री तथा मेसिनरी, उपकरणको व्यवस्था गरिने । लेखापरीक्षण कार्यमा आवश्यक पर्ने अनुसन्धान सामग्री व्यवस्था गरिने।

(ङ) सूचना प्रविधि रणनीति कार्यान्वयन गर्न सूचना प्रविधि मैत्री पूर्वाधारको विकास गरिने।

(च) लेखापरीक्षण गरिने केन्द्रीय निकायमा लेखापरीक्षण कक्ष र जिल्ला तहमा लेखापरीक्षण डोर कार्यालयको व्यवस्था गरिने।

१.३ जनशक्ति व्यवस्थापन तथा क्षमता विकास

(क) नयाँ संगठन संरचनाअनुसार विभिन्न विषय विज्ञ कर्मचारीको परिचालन व्यवस्था तथा वृत्ति विकासका लागि दीर्घकालीन जनशक्ति योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने।

(ख) महालेखा परीक्षकको कार्यालयका कर्मचारीको लेखापरीक्षण सेवा सञ्चालन नियमावली तर्जुमा गरी सेवा, शर्त, सुविधा र वृत्ति विकासका व्यवस्था गरिने।

(ग) लेखापरीक्षणको लागि आवश्यकता अनुसार विषय विज्ञहरुको परामर्श सेवा लिने व्यवस्था गरिने।

(घ) पेसाविद (Professional) कर्मचारीहरुको सेवा निरन्तरताका लागि वृत्ति विकास तथा विशेष सुविधाको व्यवस्था गरिने।

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सँगसँगै तालिम (Twinning Training) को व्यवस्था गरिने।

(च) कर्मचारीलाई अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरको तालिम तथा प्रशिक्षणको माध्यमबाट क्षमता अभिवृद्धि गरिने।

(छ) लेखापरीक्षणको लागि आवश्यक पर्ने बहुआयामिक ज्ञान प्राप्ति हुने विशेष पाठ्यक्रम तर्जुमा गरी प्रशिक्षणको व्यवस्था मिलाई सबै कर्मचारीलाई सूचना प्रविधि मैत्री सीपयुक्त बनाउने।

(ज) दीर्घकालसम्म पेसाविद्ध कर्मचारीको सेवाको सुनिश्चितता गर्न कर्मचारीलाई लामो अवधिको (Long- term Course) अध्ययनको व्यवस्था गर्ने।

(झ) लेखापरीक्षणलाई सहयोग गर्ने IDEA तथा अन्य सफ्टवेयरहरुको खरिद एवं नवीकरण गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने।

१.४ कर्मचारी सुविधा र सम्बन्ध

(क) कर्मचारीहरुको मनोबल उच्च राखी लेखापरीक्षकको आचरण र व्यवहारमा आँच आउन नदिनको लागि अध्ययन गरी कार्य सम्पादनमा आधारित विशेष प्रोत्साहन प्रणालीको कानुनी व्यवस्था गरिनेछ।

(ख) कर्मचारीको कार्य विवरण अनुसार कार्य सम्पादन

सम्झौता गरी नतिजाको आधारमा मूल्याङ्कन गरिने । कर्मचारीको सुविधा व्यवस्थाको सम्बन्धमा समय समयमा अध्ययन गरी नेपाल सरकारको समन्वयमा उचित व्यवस्था गरिने।

(ग) कर्मचारीहरुलाई अपर्झट आईपर्ने व्यक्तिगत तथा पारिवारिक आर्थिक समस्या समाधानका लागि नेपाल सरकारसँग समन्वय गरी कर्मचारी कल्याणकारी कोष सञ्चालनमा ल्याइने।

(घ) कर्मचारीका परिवार तथा सन्ततिका लागि नेपाल सरकारको नीति तथा योजनाको अधीनमा रही अधिकाधिक सुविधा उपलब्ध गराउन पहल गर्ने।

(ङ) कर्मचारीहरुबीच आपसी सहयोग र सद्भावको भावना सिर्जना गर्न आन्तरिक सामाजिकीकरण (Socialisation) का कार्यक्रम सञ्चालन गरिने।

(च) कर्मचारीका हितका जायज गुनासो सुनुवाई र समस्या सम्बोधनको व्यवस्था गर्ने।

(छ) आधिकारिक ट्रेड युनियनहरु मार्फत उठाइने कर्मचारीका हित र वृत्ति विकाससँग सम्बन्धित मागहरु उचित ढङ्गले सम्बोधन गरिने।

(ज) व्यवस्थापन र ट्रेड युनियन बीचको सम्बन्ध सुमधुर राखी स्वस्थ कार्य वातावरण र परिस्कृत कार्य संस्कृतिको विकास गर्ने।

(झ) कर्मचारीहरुमा कार्यालय समयपालना, नियमितता तथा तोकिएको पोशाक र परिचयपत्र प्रयोग जस्ता आधारभूत विषयहरुमा ध्यान दिइने।

(ञ) कर्मचारीमा रहेको नवीन सोच, सिर्जनशीलता तथा नयाँ अवधारणा जस्ता व्यक्तिगत क्षमता उपयोगमा ल्याउन अभिप्रेरित गरिने।

(ट) कर्मचारीहरुको अनुशासन, पदीय आचरण र लेखापरीक्षकको आचारसंहिता पालनामा कमी आउन नदिन उपयुक्त अनुगमन संयन्त्र बनाइने।

१.५ कार्य प्रणालीमा सुधार

(क) लेखापरीक्षण गर्ने संस्थाको पेसागत मूल्य र मान्यताको आधारमा वस्तुनिष्ठता, विश्वासनीयता, पेसागत मर्यादा तथा व्यावसायिक कार्यसंस्कृतिको विकास गर्ने।

(ख) आन्तरिक कार्य सञ्चालनको लागि स्वचालित कार्यालय प्रणाली (Office Automation System) लागू गरिने तथा गतिविधि जानकारीको लागि सिसिटिभी जस्ता उपकरणको व्यवस्था गरिने।

(ग) कार्यालयको आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाइने।

(घ) निश्चित मापदण्डका आधारमा तहगत अधिकार प्रत्यायोजन गरी जिम्मेवारी तथा जवाफदेहिता तोकिने । विषयसँग सम्बन्धित पदाधिकारीहरुलाई निर्णय प्रक्रियामा सहभागी गराइने।

(ङ) समयमै वार्षिक योजना तयार गरी सार्वजनिक निकायहरुलाई जानकारी गराउने।

(च) हालसम्म लेखापरीक्षण हुन बाँकी इकाई यकिन गरी ३ महिनाभित्र लेखापरीक्षण सम्पन्न गर्न बक्यौता रहेका निकायहरुसँग समन्वय गरिने।

(छ) दातृ निकायको सहयोगमा सञ्चालन हुने परियोजनाहरुको लेखापरीक्षण समयमै सम्पन्न गर्न आवश्यक व्यवस्था गरिने।

(ज) लेखापरीक्षण गरिने निकायलाई लेखापरीक्षण हुने समय, लेखापरीक्षणमा आवश्यक पर्ने सूचना सङ्कलन सम्बन्धी मुख्य मुख्य विवरणहरु र लेखापरीक्षणमा संलग्न कर्मचारीहरुबारे अग्रिम जानकारी दिइने।

(झ) सार्वजनिक निकायहरुबाट अनुरोध भई आएका विषयहरु वा सम्परीक्षणको लागि अनुरोध भएको तर सम्परीक्षण हुन नसकेकोमा पर्याप्त कारणहरु उल्लेख गरी समयमै जानकारी पठाउने।

(ञ) जिल्ला तहमा लेखापरीक्षण डोर खटाउँदा सूचना जारी गरी सार्वजनिक रुपमा जानकारी गराउने। लेखापरीक्षण डोरहरुको अनुगमन र प्रतिवेदन लिई समीक्षाको व्यवस्था गरिने।

(ट) लेखापरीक्षण गर्दा देखिएका व्यहोराका बारेमा जिम्मेवार पदाधिकारीहरुसँग छलफल अन्तरक्रिया गरी औचित्य प्रमाणित गर्ने प्रमाण र पुष्ट्याई पेस गर्ने मौका दिइने।

(ठ) लेखापरीक्षण गर्दा देखिएका संवेदनशील विषयहरु र हिनामिना तथा हानि-नोक्सानी भएका विषयहरु तत्कालै प्रतिवेदन लिई अनुगमन गरिने।

(ड) लेखापरीक्षणबाट देखिएका कैफियतहरु तत्कालै फछ्यौंट गर्ने व्यवस्था मिलाइने । जटिल प्रकृतिका र तत्काल फछ्यौंट हुन नसक्ने विषयहरुमात्र प्रतिवेदनमा समावेश गर्ने नीति अवलम्बन गरिने।

(ढ) लेखापरीक्षण गरी प्राप्त कैफियतहरु र संवेदनशील विषयहरु जिम्मेवार पदाधिकारीहरुबाट तत्कालै सुधार वा फछ्यौंट गर्न गराउन पहल गरिने । जिम्मेवार पदाधिकारीले त्यस्ता कैफियत स्पष्ट गर्न वा फछ्यौंट गराउन उदासीनता देखाएमा तत्कालै उच्च व्यवस्थापनलाई जानकारी गराइने व्यवस्था मिलाइने।

(ण) सार्वजनिक निकायहरुबाट प्राप्त भएका विषयहरु (बेरुजू सम्परीक्षण लगायत) तत्काल सम्बोधन गरी फरफारक गर्ने व्यवस्था मिलाउने।

(त) सेवाग्राही सर्वेक्षणको माध्यमबाट कार्यालयको कार्य प्रक्रिया सुधार गरिने।

(थ) आन्तरिक कार्यसञ्चालन कार्यविधि तर्जुमा गरी वैज्ञानिक तरिकाले कार्य फछ्यौंट गर्ने पद्धति कार्यान्वयनमा ल्याउने।

२. लेखा, लेखापरीक्षण सम्बन्धी नीतिगत तथा कानुनी सुधार

(क) नेपालको संविधान अनुकूल हुने गरी लेखा तथा लेखापरीक्षण सम्बन्धी ऐन, नियम तथा कार्यविधि र नीतिगत व्यवस्थामा परिमार्जन गरी कार्यान्वयनमा

ल्याउने।

(ख) अन्तर्राष्ट्रिय लेखापरीक्षण संस्थाहरुद्वारा जारी गरिएका मापदण्ड तथा असल अभ्यासहरु प्रयोगमा ल्याउने।

(ग) विद्यमान सन्दर्भमा समयसापेक्ष लेखापरीक्षण ऐन तर्जुमा गरिने।

(घ) लेखापरीक्षणलाई थप व्यवस्थित बनाउन लेखापरीक्षण नियमावली तर्जुमा गरी लागू गरिने।

(ङ) महालेखा परीक्षकको कार्यालयका कर्मचारी व्यवस्थापन र सञ्चालन गर्न लेखापरीक्षण सेवा सञ्चालन नियमावली तर्जुमा गरी लागू गरिने।

(च) सार्वजनिक निकायका पदाधिकारीको जवाफदेहिता यकिन गर्न वित्तीय जवाफदेहिता कानुन जारी गर्न पहल गर्ने।

(छ) लिमा तथा मेक्सिको घोषणापत्र अनुरुपको वित्तीय र प्रशासकीय स्वायतता हासिल गर्न कानुनी सुधार गर्ने।

(ज) सार्वजनिक क्षेत्र लेखामानको सन्दर्भमा नियन्त्रक तथा नियन्त्रित निकाय तोकी जिम्मेवारी र जवाफदेहिताको सुनिश्चितता गर्न आर्थिक कार्यविधि ऐनमा परिर्माजन गर्न सुझाव दिने।

(झ) विद्यमान लेखा ढाँचाको उपयुक्तता बारे अध्ययन गरी परिमार्जन गर्न सुझाव दिने।

(ञ) सार्वजनिक निकायहरुले प्रयोगमा ल्याउने सूचना प्रणाली तथा अन्य सफ्टवेयरहरुको वैधानिकताको लागि महालेखा परीक्षकको स्वीकृति गराउने व्यवस्था गरिने।

(ट) अर्थतन्त्रका विविध क्षेत्रको कारोबारको सन्दर्भमा लेखापरीक्षकले हेर्नुपर्ने विषयबारे सम्बन्धित नियमनकारी निकायहरु मार्फत आवश्यक नीतिगत र कानुनी व्यवस्था गर्ने।

३. लेखापरीक्षण प्रक्रियामा सुधार

(क) नेपालको संविधान र प्रचलित कानुन बमोजिम पारदर्शिता र जवाफदेहिता सुनिश्चित हुने वित्तीय (Financial), कार्यमूलक (Performance), परिपालना (Compliance) तथा विषय विशेष (Specialised) लेखापरीक्षणसँग सम्बन्धित लेखापरीक्षण मानदण्ड, निर्देशिकाहरु अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक गरी कार्यान्वयन गरिने।

(ख) संघ, प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण तथा प्रतिवेदन पद्धति सम्बन्धमा लेखापरीक्षण निर्देशिका र मार्ग दर्शन तयार गरी लागू गरिने।

(ग) नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार सबै नियन्त्रक निकायहरुको वित्तीय विवरणमा राय प्रदान गरिने।

(घ) लेखापरीक्षण सम्पन्न हुने बित्तिकै निकायगत लेखापरीक्षण प्रतिवेदन जारी गर्ने तथा संवैधानिक एवं कानुनी व्यवस्था बमोजिम वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था गरिने।

(ङ) संगठित संस्थाहरुको लेखापरीक्षण गर्ने, बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा उनीहरुको कार्यको अनुगमन गर्ने बारे Standard Operating Procedures (SOP) तयार गरी कार्यान्वयन गर्ने।

(च) पूर्णस्वामित्वका संगठित संस्थाहरुको लेखापरीक्षण गर्न आवश्यक क्षमता अभिवृद्धि गरी कार्यालयका कर्मचारीबाट समेत गर्ने व्यवस्था मिलाउने । त्यस्ता संस्थाहरुको सञ्चालन दक्षता (Operating efficiency) उत्पादन र सेवाप्रवाहको प्रभाव मूल्याङ्कन गरिने।

(छ) वित्तीय (Financial), कार्यमूलक (Performance), परिपालना (Compliance) को लेखापरीक्षण प्रतिवेदन छुट्टाछुट्टै जारी गर्ने व्यवस्था मिलाउने।

(ज) लेखापरीक्षकको आचारसंहितालाई अद्यावधिक गर्ने र आचारसंहिता परिपालना एवं अनुगमनमा प्रभावकारिता ल्याउने।

(झ) लेखापरीक्षणमा सूचना प्रविधिको उपयोग अभिवृद्धि गर्दै कागजविहीन लेखापरीक्षण प्रणाली कार्यान्वयन गरिने।

(ञ) लेखापरीक्षण गरिने निकायहरुले प्रयोग गरेका सूचना प्रणालीमा लेखापरीक्षकको पहुँच स्थापित गरिने । ती सूचना प्रणालीको उपयोग गरी जोखिम विश्लेषण गर्ने।

४. लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार

(क) नेपालको संविधान बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणबाट प्रभावकारी ढङ्गले लेखापरीक्षण गर्न जनसरोकार र सार्वजनिक महत्वका विषयहरु, राजस्व प्रक्षेपण तथा सङ्कलन प्रणाली, दिगो विकास तथा वातावरण, प्राकृतिक स्रोत र साधनको उपयोग, सांस्कृतिक सम्पदा संरक्षण, सार्वजनिक खरिद, सार्वजनिक स्वास्थ्य, महामारी तथा प्रकोप व्यवस्थापन, र सार्वजनिक सेवा प्रवाह जस्ता क्षेत्रहरुमा जोखिमका आधारमा विशेष ध्यान केन्द्रित गर्ने।

(ख) सार्वजनिक वित्त व्यवस्थापन तथा सेवा प्रवाहमा अत्याधिक अनियमितता, हिनामिना तथा हानि नोक्सानी र भ्रष्टाचारको जोखिम रहेका क्षेत्रहरुमा पहिचान गरी तदनुरुप वित्तीय, कार्यमूलक, परिपालना तथा विशेष लेखापरीक्षण (Financial, Performance, Compliance and Specialised) गरिने । साथै जोखिमको गाम्भीर्यताको आधारमा लेखापरीक्षणको कार्यदक्षता र प्रभावकारिता कायम गर्न सामयिक (Concurrent), अनुसन्धानात्मक (Detective) लगायतका लेखापरीक्षणका विविध वैज्ञानिक तरिकाहरु अवलम्बन गरिने।

(ग) सार्वजनिक निकायहरुमा कार्यरत पदाधिकारीहरुको कार्यसम्पादनको आधारमा संस्थागत उद्देश्य प्राप्तिमा परेको प्रभाव तथा असर यकिन गर्न नेतृत्व परीक्षण (Auditing Leadership) विधि अवलम्बन गरिने।

(घ) आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न सम्बन्धित निकायहरुसँग समन्वय गरी अन्तिम लेखापरीक्षणलाई नतिजामूलक क्षेत्रमा केन्द्रित गरिने।

(ङ) कार्यमूलक लेखापरीक्षण र विशेष प्रकृतिको लेखापरीक्षणमा सेवा वा कार्यहरुको असर वा प्रभाव मूल्याङ्कन गर्न आवश्यकता अनुसार सामाजिक लेखापरीक्षणको (Social Audit) अवधारणा अनुरुप नागरिक समाजको समेत सहभागिता बढाइने।

(च) सार्वजनिक वित्तीय व्यवस्थापन तथा सेवा प्रवाहमा देखिने कमी कमजोरी तत्काल रोक्न (Preventive) र समयमै सुधार गर्ने (Corrective) व्यवस्था गर्न सामयिक लेखापरीक्षण गरिने।

(छ) लेखापरीक्षण प्रतिवेदनहरुको गुणस्तर नियन्त्रण र गुणस्तर आस्वस्तताको लागि विशेष इकाई (Quality Assurance Unit) बनाइने तथा लेखापरीक्षण गुणस्तर नियन्त्रण समिति बनाई बेरुजूमा एकरुपता ल्याई गुणस्तर अभिवृद्धि गरिनेछ।

(ज) लेखापरीक्षणको गुणस्तर मूल्याङ्कनको आधारमा उत्कृष्ट लेखापरीक्षण टोलीलाई पुरस्कृत गरिनेछ। साथै लेखापरीक्षण गरिएको विषयको सम्बन्धमा प्रचलित कानुन तथा लेखापरीक्षणमानको आधारमा लेखापरीक्षकको जिम्मेवारी सुनिश्चितता गरिने।

(झ) लेखापरीक्षण प्रतिवेदन जारी गर्नु पूर्व गुणस्तर आश्वस्तता पुनरावलोकन गर्ने (Pre-issuance Review) नीति तयार गरी कार्यान्वयन गरिने। बाह्य समकक्षी पुनरावलोकन (Peer Review) गराई प्रतिवेदनको गुणस्तर आश्वस्तता यकिन गर्ने।

५. वित्तीय अनुशासन तथा जवाफदेहिता

(क) सार्वजनिक निकायहरुमा वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणाली लगायत जिम्मेवारी र जवाफदेहिता निर्वाहका निरोधात्मक उपायहरु अपनाउने।

(ख) सार्वजनिक निकाय र संस्थाहरुको लेखा व्यवस्थापन र कार्य प्रणालीमा सुधारात्मक उपायहरु अवलम्बन गरी अनियमितता र बेरुजू न्यूनीकरण गर्ने। सकभर बेरुजू हुनै नपाउने व्यवस्था गर्ने।

(ग) लेखापरीक्षणको व्यहोरा फछ्यौंट गर्न सार्वजनिक निकायहरुमा संस्थागत व्यवस्था गरी समयमै अनियमितता तथा बेरुजू फछ्यौंट गर्ने। बेरुजू फछ्यौंट कार्यलाई प्रभावकारी बनाउन अभियान चलाउने।

(घ) पूर्वक्रियाशील सम्परीक्षण प्रणाली (Proactive follow up system) लागू गरी लेखा उत्तरदायी अधिकृत तथा जिम्मेवार व्यक्तिहरुबाट समयबद्ध बेरुजू फछ्यौंट कार्ययोजना माग गरी अनुगमन गरिने।

(ङ) अत्यधिक बेरुजू हुने निकायहरुलाई उच्च जोखिम समूहमा वर्गीकरण गरी विशेष निगरानी तथा अनुगमनको व्यवस्था गरिने।

(च) स्थलगत लेखापरीक्षणको क्रममा लेखापरीक्षणबाट देखिएका व्यहोरा तत्काल फछ्यौंट गर्ने गराउने, जटिल प्रकृतिका व्यहोराबाहेक अन्य सबै व्यहोरा प्रतिवेदन अगावै फछ्यौंट गर्ने गराउने।

(छ) लेखापरीक्षण गरिने निकाय र लेखापरीक्षक बीचको अन्तर सम्बन्ध प्रभावकारी बनाउने।

(ज) वित्तीय अनुशासन पालना र बेरुजू फछ्यौंटमा उदासीन पदाधिकारीहरुको अभिलेख तयार गरी सम्बन्धित निकायहरुलाई सूचित गरिने।

(झ) वित्तीय जवाफदेहिताको मूल्याङ्कन गरी कार्यालयको र जिम्मेवार पदाधिकारीको वर्गीकरण (Grading) गरी प्रतिवेदन मार्फत सार्वजनिक गरिने।

(ञ) सार्वजनिक पदमा बहाल रहेका पदाधिकारीलाई विशेष जिम्मेबारी दिनु पर्दा आर्थिक अनुशासन वित्तीय जवाफदेहिता पालनाको स्तर समेतको आधार लिने व्यवस्था मिलाउने।

६. संस्थागत सम्बन्ध र सञ्चार

६.१ संवैधानिक तथा संसदीय सम्बन्ध

(क) लेखापरीक्षणको कार्य समयमै सम्पन्न गरी राष्ट्रपति समक्ष प्रतिवेदन गर्ने।

(ख) प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदनको व्यवस्था गर्ने।

(ग) व्यवस्थापिका संसद र संसदीय समितिहरुसँगको सम्बन्ध प्रभावकारी बनाउने।

(घ) व्यवस्थापिका संसदको सार्वजनिक लेखा समिति मार्फत लेखापरीक्षण प्रतिवेदन उपर छलफल र कार्यान्वयनको व्यवस्था मिलाउने।

(ङ) प्रदेश तथा स्थानीय तहका लेखापरक्षिण प्रतिवेदनहरु छलफल तथा कार्यान्वयको व्यवस्था मिलाउने।

(च) सार्वजनिक लेखा समितिलाई महालेखा परीक्षकको प्रतिवेदन उपर गरिने छलफलका विषयबारे छलफल अघि जानकारी गराउने व्यवस्था गरिने।

(छ) व्यवस्थापिका संसद र संसदीय समितिहरुसँग निकट सम्बन्ध स्थापित गरी निर्देशन र सुझाव कार्यान्वयन गर्ने।

(ज) संवैधानिक निकाय र तिनका पदाधिकारीहरुसँग सम्पर्क स्थापना, सम्बन्ध विकास तथा सूचना आदान प्रदान र सहकार्य गर्ने।

(झ) लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन र प्रभाव मूल्याङ्कन गर्ने।

(ञ) लेखापरीक्षण सल्लाहकार समितिलाई क्रियाशील गराई प्रभावकारी बनाउने।

६.२ बाह्य सम्पर्क तथा सञ्चार

(क) कार्यालयको सञ्चार रणनीति (Communication Strategy) परिमार्जन गरी कार्यान्वयनमा ल्याइने।

(ख) आम नागरिकमा लेखापरीक्षण र लेखापरीक्षण नतिजाको पहुँच बढाउन सार्वजनिक सञ्चार माध्यम र नागरिक समाजसँगको सहकार्य बढाउने। हटलाइन र लाइभ च्याट मार्फत सूचना प्राप्त गर्ने।

(ग) लेखापरीक्षण तथा वित्तीय अनुशासन सम्बन्धी गतिविधिहरु समेटी मासिक बुलेटिन प्रकाशन गर्ने। रेडियो, टेलिभिजनबाट नियमित रुपमा सो सम्बन्धी

कार्यक्रम सञ्चालन गरिने । नियमित रुपमा पत्रकार भेटघाट गरिने।

(घ) वैदेशिक दातृ निकायका प्रतिनिधिहरुसँग छलफल र अन्तरक्रिया गरी वैदेशिक स्रोतको परिचालनमा प्रभावकारिता ल्याउने एवं प्राविधिक तथा वित्तीय सहयोग परिचालन गर्ने।

(ङ) वित्तीय व्यवस्थापन र आर्थिक अनुशासन सम्बन्धमा संघ, प्रदेश र स्थनीय तहका सम्बद्ध पदाधिकारीहरुसँग अन्तरक्रिया छलफल तथा व्यापक रुपमा शिक्षा, तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

(च) लेखा तथा लेखापरीक्षण क्षेत्रसँग सम्बन्धित संस्था तथा विज्ञ विशेषज्ञहरु, नागरिक समाज तथा सुशासन सम्बन्धी संस्थाहरुसँग नियमित छलफल अन्तरक्रियाद्वारा सुझाव प्राप्त गर्ने।

(छ) निजी क्षेत्र, सहकारी र गैरसरकारी क्षेत्रहरुसँग समन्वय गरी सूचना आदान प्रदान तथा प्रवर्धनात्मक कार्यहरु गर्ने।

(ज) आम जनसमुदायमा आम्दानी, खर्च, विकास र लेखापरीक्षणका बारेमा सुसूचित गर्ने।

(झ) वित्तीय व्यवस्थापन, लेखा, लेखापरीक्षण सम्बन्धी अध्ययन अध्यापन गर्ने गराउने संस्थाहरुसँग समन्वय गरी त्यस्ता संस्थामा अध्ययनरत व्यक्तिहरुलाई कार्यालयमा प्रशिक्षार्थी सेवा (Intern) लिने व्यवस्था मिलाउने।

(ञ) अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संस्थाहरु, सार्वजनिक क्षेत्रको लेखापरीक्षणसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरुसँगको सम्बन्ध विस्तार गरी अन्तर्राष्ट्रिय क्षेत्रमा कार्यालयको उपस्थिति रहने व्यवस्था गर्ने।

कार्यालय गतिविधिहरू

व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिसँग छलफल



२०७४ असार २८ मा व्यवस्थापिका संसद, सार्वजनिक लेखा समितिका माननीय सभापति श्री डोरप्रसाद उपाध्याय सहित समितिका सदस्यहरु र माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगाल एवं महालेखा परीक्षकको कार्यालयका पदाधिकारी सहितको टोली बीच देशको समग्र वित्तीय अनुशासन, सार्वजनिक जवाफदेहिता, बेरुजु फछ्यौंट, सार्वजनिक संस्थानको लेखापरीक्षणका विविध विषयहरुमा व्यवस्थापिका संसद सचिवालयमा छलफल सम्पन्न भयो।

उक्त छलफल कार्यक्रममा सहभागी हुँदै समितिका माननीय सदस्यहरु श्री भरत कुमार शाह, श्री मोहन बहादूर बस्नेत, श्री मिना पुन, श्री हरी नेपाल, श्री विकास लम्साल, श्री योगेन्द्र चौधरी र श्री विष्णु पौडेलले उल्लेखित विषयमा आआफ्नो मन्तव्य राख्नु भयो। मुलुकमा खस्किदै गएको वित्तिय अनुशासन, सुशासन र जवाफदेहिताको स्तर अभिवृद्धिका लागि सार्वजनिक निकायका पदाधिकारीहरुलाई अनुशासित बनाउनु पर्ने, लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका व्यहोराहरु समयमै फछ्यौंट गर्ने, सार्वजनिक लेखा समिति र महालेखा परीक्षकको कार्यालय बीच सहकार्य गरेर जानु पर्ने, वित्तिय अनुशासन पालना नगर्ने जिम्मेवार पदाधिकारीहरुको अभिलेख राखी जवाफदेही बनाउने, सामाजिक लेखापरीक्षण र महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण बीच तालमेल मिलाउने, लेखापरीक्षणका नयाँ मान्यता र सिद्धान्तहरुको अनुसरण गर्ने, लेखापरीक्षण गर्दा नतिजालाई जोड दिनुपर्ने विषयमा समितिका सदस्यहरुले सुझाव दिनु भएको थियो।

सो अवसरमा सार्वजनिक संस्थान र तिनको कार्य सम्पादन बारे समेत छलफल भयो । सो क्रममा आफ्नो स्थापनाको उद्देश्य अनुरुप कार्य नगर्ने तथा तोकिएको समयमा लेखापरीक्षण नगराउने सार्वजनिक संस्थानका जिम्मेवार पदाधिकारीहरुको कार्य प्रति संसदीय निगरानी बढाई जिम्मेवार र जवाफदेही बनाउने विषयमा समेत छलफल भयो।

बैठकको शुरुमा माननीय महालेखा परीक्षकज्यूले समितिका पदाधिकारीहरु समक्ष वित्तिय अनुशासनको अवस्था कमजोर रहेको, बेरुजु बढ्दै गएको, व्यक्तिलाई जिम्मेवार बनाउन नसकिएको विषय राख्दै महालेखा परीक्षकको कार्यालयको संगठनात्मक र कार्य प्रणाली सुधार, नीतिगत र कानुनी सुधार, लेखापरीक्षण प्रक्रियामा सुधार, लेखापरीक्षणको प्रभावकारीता र गुणस्तरमा सुधार, वित्तिय अनुशासन र जवाफदेहिता, संस्थागत सम्बन्ध र संचार लगायतका विषयमा सुधारका लागि तयार गरेको महालेखा परीक्षकको कार्य योजना (२०७४-२०८०) सम्बन्धमा माननीय समिति सदस्यज्यूहरुलाई अवगत गराउनु भयो।



त्यसै गरी कार्यालयले आगामी दिनमा विद्यमान कानुनी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्दै जिम्मेवार पदाधिकारीहरु पहिचान गरी जवाफदेहि बनाउन वित्तिय उत्तरदायित्व सम्बन्धि ऐन जारी गर्नु पर्ने र लेखापरीक्षण नगराउने सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीहरुलाई छिट्टै कानुनी दायरामा ल्याउने उल्लेख गर्दै यस कार्यमा सार्वजनिक लेखा समिति, नेपाल सरकार र सरोकारवाला निकायहरुको सहयोगको अपेक्षा गर्नु भयो।

कार्यालय गतिविधिहरु

नेपाल सरकारका सचिवसँग छलफल



२०७४ असार ०२ गते, वित्तीय अनुशासन र आर्थिक प्रशासनका समसामायिक विषयमा माननीय महालेखा परीक्षकज्यू र नेपाल सरकारका मुख्य सचिव सहित सबै सचिवहरु बीच प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बैठक सम्पन्न भयो।

उक्त बैठकबाट देहाय बमोजिमका निर्णयहरु भएका छन्:

(१) आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन महालेखा नियन्त्रकको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, महालेखापरीक्षकको कार्यालय र अर्थमन्त्रालयका राजपत्रांकित प्रथम श्रेणीका पदाधिकारीहरु संलग्न एक समिति गठन गर्ने।

(२) नेपाल सरकारका सचिव, विभागीय प्रमुख र एक अर्ब भन्दा बढी रकमको आयोजना प्रमुख जस्ता पदमा विशेष जिम्मेवारी दिंदा महालेखापरीक्षकको कार्यालयबाट वित्तिय अनुशासन पालनाको विवरण लिई वित्तिय जवाफदेहिता पालना स्तर समेतको आधार लिने।

सार्वजनिक संस्थानका प्रमुखहरूसंग छलफल



२०७४ असार ०४ गते, वित्तीय अनुशासन कायम गर्ने सन्दर्भमा महालेखा परीक्षकज्यूबाट नेपाल सरकारका मुख्य सचिवको उपस्थितिमा सार्वजनिक संस्थानका प्रमुख र लेखा प्रमुखहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा माननीय महालेखा परीक्षकज्यूबाट सार्वजनिक संस्थानका प्रमुखहरुलाई आफ्नो संस्थाको उद्देश्य अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउने, संस्थानको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ पार्ने, लेखापरीक्षण हुन बाँकी रहेका संस्थानहरुले ३ महिना भित्र लेखापरीक्षण सम्पन्न गर्ने तथा सार्वजनिक संस्थानहरु जुन उद्देश्यले खडा गरिएको हो सो उद्देश्य हासिल गर्न केन्द्रीत भई अधिकतम् उत्पादकत्व हासिल हुने गरी कार्य गर्न निर्देशन दिनु भयो।

समिति, परिषद, प्रतिष्ठान तथा कोषका प्रमुखहरूसंग छलफल



२०७४ असार ०५ गते, वित्तीय अनुशासन कायम गर्ने सन्दर्भमा समिति, परिषद, प्रतिष्ठान तथा कोषका प्रमुख र लेखा प्रमुखहरुसँग छलफल तथा अन्तरक्रिया सम्पन्न भयो । उक्त कार्यक्रममा संस्था प्रमुखले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने, उद्देश्य अनुरुपको नतिजा प्राप्त गर्न आर्थिक प्रशासनमा सवलिकरण गर्नु पर्ने, लेखापरीक्षण तीन महिना भित्र टुंग्याउने, उठाइएको बेरुजु समयमा नै फछ्यौंट गर्न निर्देशन दिनुभयो।

सार्वजनिक संस्थानमा नियूक्त लेखापरीक्षकहरूसंग अन्तरकृया कार्यक्रम



२०७४ असार ०६ गते, महालेखा परीक्षकज्यूबाट सार्वजनिक संस्थानको लेखापरीक्षण गर्ने लेखापरीक्षकहरुसँग लेखापरीक्षणका विविध विषयहरुमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा माननीय महालेखा परीक्षकज्यूले सार्वजनिक संस्थाको स्थापनाको उद्देश्य तथा लक्ष्य अनुसार कार्य भए नभएको, संस्थामा भएका समस्या तथा कमजोरीहरु बारे जिम्मेवारी पदाधिकारी किटान गरी लेखापरीक्षण प्रतिवेदन पेश गर्न सम्बन्धित लेखापरीक्षकहरुलाई निर्देशन दिनुभयो।

परामर्श दिएका लेखापरीक्षकहरूसँगको अन्तरक्रिया कार्यक्रम



२०७४ असार ०७ गते, महालेखा परीक्षकज्यूबाट महालेखा परीक्षकको परामर्शमा नियूक्त भएका लेखापरीक्षकहरुसँग लेखापरीक्षणका विविध विषयहरुमा छलफल तथा अन्तरक्रिया सम्पन्न भयो।

कार्यक्रममा माननीय महालेखा परीक्षकज्यूले सार्वजनिक संस्थाको स्थापनाको उद्देश्य तथा लक्ष्य अनुसार कार्य भए नभएको एकिन गर्ने र नभएको भए जिम्मेवार पदाधिकारी एकिन गरी लेखापरीक्षण प्रतिवेदन पेश गर्न निर्देशन दिनुभयो।

ICAN, ACAN र AUDAN का पदाधिकारीहरूसँग अन्तरक्रिया

२०७४ असार ०८ गते, महालेखा परीक्षकज्यूबाट नेपाल चाटर्डएकाउन्टेन्ट संस्था, नेपाल अडिटर्स एशोसिएसन र नेपाल चाटर्डएकाउन्टेण्ट्स संघका पदाधिकारीहरुसँग सार्वजनिक लेखापरीक्षण, नेपाल वित्तीय प्रतिवेदनमान, लेखापरीक्षणमान, राष्ट्रिय तथा अन्तराष्ट्रिय असल अभ्यासका विविध विषयहरुमा छलफल तथा अन्तरक्रिया सम्पन्न भयो।

कार्यक्रममा माननीय महालेखा परीक्षकज्यूले लेखापरीक्षहरुको आचारसंहिता पालना र पेशागत मर्यादा अनुरुप काम कारबाही गर्न निर्देशन दिनुभयो।

संविधानिक निकाय, मन्त्रालय र केन्द्रिय निकायका लेखा प्रमुखहरूसंग गरेको अन्तरकृया



२०७४ असार ०९ गते, माननीय महालेखा परीक्षकज्यूबाट संवैधानिक निकाय, नेपाल सरकारका मन्त्रालय र विभागका लेखा प्रमुखकहरु सँग लेखा, लेखापरीक्षण र सम्परीक्षणका विविध विषयहरुमा छलफल तथा अन्तरक्रिया सम्पन्न भयो।

कार्यक्रममा माननीय महालेखा परीक्षकज्यूले लेखापरीक्षण प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गर्ने, बेरुजु आउनै नदिने गरी काम कारबाही संचालन गर्न, तोकिएको समयमै बेरुजु उपर कारबाही गर्न र बक्यौता लेखापरीक्षण तीन महिना भित्र सम्पन्न गराउन निर्देशन दिनुभयो।

५९ औं बार्षिकोत्सव सम्पन्न

२०७४ असार १५ गते, महालेखा परीक्षकको कार्यालयको ५९ औं वार्षिकोत्सवको कार्यक्रम सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट समुद्घाटन भयो। कार्यक्रममा माननीय अर्थमन्त्री ज्ञानेन्द्र बहादूर कार्की, संवैधानिक निकायका प्रमुखहरु तथा सदस्यहरु, नेपाल सरकारका मुख्य सचिव तथा सचिवहरु, सुरक्षा निकायका प्रमुखहरु, सार्वजनिक संस्थाका प्रमुख, महालेखा परीक्षकको कार्यालयमा कार्यरत कर्मचारी, भूतपूर्वकर्मचारीहरु लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा कार्यालयका सबै कर्मचारीहरु प्रदर्शनी मार्ग स्थित भृकुटीमण्डपबाट ज्यालीमा सहभागी भई विभिन्न नाराहरु उल्लेखित प्ले कार्डहरु लिएर समारोहस्थल नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा पुगेका थिए।

समिति गठन

महालेखा परीक्षकको कार्ययोजना (२०७४-२०८०) बमोजिम कार्यालयको क्षमता अभिवृद्धि, स्वतन्त्रता, कार्यवातावरण सुधार र कर्मचारीको उत्प्रेरणा अभिवृद्धि गर्न आवश्यक सुझाव तथा स्रोत साधन सिफारिस गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति, स्रोत साधन व्यवस्थापन सर्वेक्षण समिति, कर्मचारी सुविधा अध्ययन समिति, भवन निर्माण अनुगमन तथा निरिक्षण समिति, लेखापरीक्षण नियमावली मस्यौदा समिति र लेखापरीक्षण सेवा सञ्चालन नियमावली मस्यौदा समिति गठन गरिएको छ।

राष्ट्रिय बिमा संस्थान र राष्ट्रिय बिमा कम्पनी लिमिटेडका पदाधिकारीसँग छलफल

२०७४ असार २१ गते, माननीय महालेखा परीक्षकज्यूबाट राष्ट्रिय बिमा संस्थान र राष्ट्रिय बिमा कम्पनी लिमिटेडका प्रमुख र लेखा प्रमुखहरुसँग लेखापरीक्षणका विविध विषयमा छलफल सम्पन्न भयो। उक्त छलफल कार्यक्रममा राष्ट्रिय बिमा संस्थानले ०६६/६७ देखि लेखापरीक्षण नहुनु गम्भिर विषय रहेको उल्लेख गर्दै सोको लेखापरीक्षण भाद्र मसान्तसम्म सम्पन्न गर्नका लागि आवश्यक कार्ययोजना ल्याउन निर्देशन दिनु भयो।

नेपाल राष्ट्र बैंक सँग छलफल



२०७४ असार १९ गते, माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालले आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण सम्बन्धमा नेपाल राष्ट्र बैंकका गर्भनर श्री चिरञ्जिवी नेपाल, सो बैंकका उच्च पदाधिकारीहरु तथा लेखापरीक्षकहरुसँग छलफल गर्नु भयो । छलफलका क्रममा महालेखा परीक्षकले नेपाल राष्ट्र बैंकलाई लेखापरीक्षणको कार्यमा सहयोग गर्न, आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत पार्दै नियमनकारी कार्यलाई प्रभावकारी बनाउन निर्देशन दिनु भयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव र नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रतिनिधिसँग छलफल

२०७४ असार १९ मा महालेखा परीक्षकज्यूले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री शंकर प्रसाद अधिकारी सहितको टोलीसँग नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल वायुसेवा निगम, नेपाल पर्यटन बोर्ड, पशुपति क्षेत्र विकास कोष तथा अन्तर्गतका निकायहरुमा लेखा, लेखापरीक्षण, आन्तरिक नियन्त्रण तथा अन्य विषयमा देखिएका समस्याहरु बारे छलफल गर्नु भयो ।

त्यसै गरी २०७४ असार २३ मा माननीय महालेखा परीक्षकज्यूले नेपाल नागरिक उड्डयन प्राधिकारणका प्रबन्ध निर्देशक श्री संजिव गौतम सहितको टोलीसँग नेपाल नागरिक उड्डयन प्राधिकरणको लेखा, लेखापरीक्षण, सम्पत्ति व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, तथा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा देखिएका सेवा प्रवाहसँग सम्बन्धित समस्याहरुका बारेमा छलफल गरी देखिएका कमीकमजोरीहरु सुधार गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन निर्देशन दिनुभयो ।

अर्थ मन्त्रालय, स्थानीय विकास मन्त्रालयका सचिव तथा म.ले.नि.का. सँग छलफल

२०७४ असार २५ गते, माननीय महालेखा परीक्षकज्यूबाट नेपाल सरकारका अर्थसचिव, राजस्व सचिव, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयका सचिव र महालेखा नियन्त्रक कार्यालयका सहमहालेखा नियन्त्रकसँग छलफल कार्यक्रम सम्पन्न भयो । उक्त छलफल कार्यक्रममा बेरुजू फछ्यौंट, संस्थानहरुको बक्यौता लेखापरीक्षण, राजस्व



बक्यौता असूलीलाई प्राथमिकता र ऋण तथा अनुदानको सोधभर्ना हुनु पर्ने रकम समयमै सोधभर्ना लिने, सरकारी निकायको वित्तीय विवरण समयमा तयार गरी आन्तरीक लेखापरीक्षण सम्पन्न गर्ने र स्थानीय तहको लेखापालन र लेखापरीक्षणका विषयमा छलफल भएको थियो ।

नेपाल खाद्य संस्थान र नेपाल दूरसञ्चार प्राधिकरणका पदाधिकारीहरूसँग छलफल

२०७४ असार २९ मा माननीय महालेखा परीक्षकज्यूबाट नेपाल खाद्य संस्थानका प्रमुख तथा पदाधिकारीहरुसंग लेखा, लेखापरीक्षण, आन्तरिक नियन्त्रण तथा अन्य विषयमा देखिएका समस्याहरु बारे छलफल भयो । छलफलको क्रममा विगत लामो समयदेखि लेखापरीक्षण नराएकोमा भाद्र मसान्त भित्र लेखापरीक्षण गराउन आवश्यक कार्य योजना बनाउने र सोको अनुसार तोकिएको समयभित्र लेखापरीक्षण गरी संस्थाको वित्तीय जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने गरी कार्य गर्न निर्देशन दिनुभयो ।

त्यसै गरी महालेखा परीक्षकज्यूले नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष तथा पादाधिकारीहरु सँग दूरसञ्चार रोयल्टी, फ्रिक्वन्सीको उपयोग र नविकरण शुल्क लगाएतका विषयमा छलफल गर्नु भयो । कार्यक्रममा दूरसञ्चार प्राधिकरणको क्षेत्र व्यापक हुनुका साथै चुनौतिहरु अध्ययन गरी यस क्षेत्रमा देखिएका जोखिमहरु न्यूनिकरण हुने गरी आवश्यक गृहकार्य गर्न तथा नविकरणीय शूल्क, रोयल्टी सम्बन्धमा, सुचना तथा सञ्चार मन्त्रालय र अर्थ मन्त्रालय बीच भएको समझदारी अनुसार मापदण्ड बनाई लागु गर्न निर्देशन दिनु भयो ।

चवन्नौं प्रतिवेदन सम्मको अद्यावधिक बेरुजु स्थिति

अद्यावधिक बेरुजूको स्थिति: निकायहरुले असुल फछ्यौंट गरी कारवाही टुङ्गो लगाउनु पर्ने अद्यावधिक रकम त्रिपन्नौं वार्षिक प्रतिवेदनमा रु. ३ खर्ब २८ अर्ब ५२ करोड रहेकोमा चवन्नौं प्रतिवेदनमा देहाय अनुसार रु. ३ खर्ब ९६ अर्ब २६ करोड पुगेको छ। उक्त रकममा २०.६२ प्रतिशतले थप भएको छ।

(रु. करोडमा)

विवरण	यस वर्ष
सरकारी कार्यालय तर्फ बेरुजू	१६७४९
संगठित संस्था एवं समिति तर्फ बेरुजू	५४४०
लेखापरीक्षण नगराएको (बक्यौता)	५३१
राजस्व असुल नगरेको (बक्यौता)	१३२१८
समयमै शोधभर्ना नलिएको वैदेशिक अनुदान	२२२५
समयमै शोधभर्ना नलिएको वैदेशिक ऋण	१४३४
सरकार जमानी बसी दिलाएको ऋणको भाखा नाघेको साँवा ब्याज	२
कूल जम्मा	३,९६,२६

सामयिक लेखापरीक्षणका लागि छनौट गरिएका विषयहरू

सि.नं.	मन्त्रालय	विषय
१.	सर्वोच्च अदालत	सर्वोच्च अदालतको बजेट कार्यान्वयन स्थिति ।
२.	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	लगानी बोर्ड अन्तर्गतका परियोजना स्वीकृति र कार्यान्वयनमा अन्तर्निकाय समन्वय अवस्था ।
३.	खानेपानी तथा सरसफाइ मन्त्रालय	खानेपानी तथा ढल निकास विभाग अन्तर्गत कार्यालयबाट सञ्चालित अधुरा आयोजनाको कार्यक्रम र बजेट ।
४.	खानेपानी तथा सरसफाइ मन्त्रालय	ग्रामीण खानेपानी कोष विकास समितिको योजना छनौट स्थिति ।
५.	खानेपानी तथा सरसफाइ मन्त्रालय	काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको कार्य प्रभावकारिता मूल्याङ्कन ।
६.	शहरी विकास मन्त्रालय	सरकारी भवनको निर्माणको अवस्था र प्रभावकारिता मूल्याङ्कन ।
७.	शहरी विकास मन्त्रालय	अपार्टमेन्ट र निजी प्लटिङको मापदण्ड कार्यान्वयनको अवस्था मूल्याङ्कन ।
८.	शिक्षा मन्त्रालय	वैदेशिक स्रोत उपयोग स्थिति ।
९.	शिक्षा मन्त्रालय	संस्थागत विद्यालयको शुल्क निर्धारण ।
१०.	शिक्षा मन्त्रालय	सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन कार्यान्वयन स्थिति ।
११.	विश्वविद्यालय	सम्बन्धन प्राप्त मेडिकल कलेजहरुको शुल्क निर्धारण प्रक्रिया ।
१२.	गृह मन्त्रालय	सुरक्षा निकायको कार्य प्रभावकारिता ।
१३.	गृह मन्त्रालय	अध्यागमन व्यवस्थापन ।
१४.	गृह मन्त्रालय	उपत्यकास्थित जिल्ला प्रशासन कार्यालयको सेवाप्रवाह स्थिति ।
१५.	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	सामाजिक संघ संस्थाको नियमन, स्रोत व्यवस्थापन उपयोग तथा प्रभाव मूल्याङ्कन ।
१६.	विज्ञान तथा प्रविधि मन्त्रालय	नेपालमा सूचना तथा सञ्चार प्रविधिको विकास र उपयोगिताको स्थिति ।
१७.	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	भूमि व्यवस्थापन सूचना प्रणाली (डिल्ली बजार, कलंकी र ललितपुर मालपोत कार्यालय) ।
१८.	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	उपत्यका स्थित सार्वजनिक जग्गा दर्ता, लगत अभिलेख तथा भोगाधिकार सम्बन्धी व्यवस्था ।
१९.	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	मालपोत कार्यालय, चाबहिल, भक्तपुर, मनमैजु, साँखु र गोटिखेलको पुँजीगत लाभ कर असुली ।
२०.	कृषि विकास मन्त्रालय	अध्ययन बिदा लिएका कर्मचारीले अध्ययन पूरा गरेको र परिपदको ऐन, नियमावली अनुसार सेवा गरे नगरेको र वेतलबी बिदा लिने कर्मचारी लामो समय काजमा रहेका कर्मचारीहरुको सम्बन्धमा अध्ययन विश्लेषण गर्ने ।
२१.	कृषि विकास मन्त्रालय	कृषि औजार उपकरणहरुको खरिद वितरण र उपयोगको स्थिति अध्ययन र विश्लेषण गर्ने ।
२२.	पशुपंछी मन्त्रालय	कृषि तथा पशु फार्महरुको स्रोतको उपयोग र प्रभाव मूल्यांकन ।
२३.	सहकारी तथा गरिबी निवारण मन्त्रालय	सहकारी संस्थाको दर्ता, नवीकरण, लेखापरीक्षण स्थिति, निष्क्रिय सहकारी संस्था र रकम हिनामिना गरी फरार रहेका सञ्चालक र कारबाहीको अवस्था सम्बन्धमा अध्ययन गरी विश्लेषण गर्ने ।
२४.	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	उपभोक्ता समितिमार्फत भएको निर्माण कार्यको स्थिति ।
२५.	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	सामुदायिक सिचाइ आयोजना कार्यान्वयन स्थिति ।
२६.	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	प्राकृतिक स्रोत उपयोग र ढुंगा, गिट्टी, बालुवा र माटो ठेक्का ।
२७.	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	निर्माण सामग्रीको लागत र उपयोग अभिलेख (लागत अनुमान बिल र नापि किताव) ।
२८.	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	फोलुङ्गेपुल निर्माण ठेक्का व्यवस्थापन र तुइन विस्थापन ।
२९.	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	ल्याण्डफिल्ड साइट पुर्वाधार व्यवस्थापनः फोहोर व्यवस्थापन ।
३०.	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	परामर्श सेवा खर्च अध्ययन ।

सि.नं.	मन्त्रालय	विषय
३१.	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	भवन निर्माणको नक्सा पास, जाचपास र निर्माण सम्पन्न प्रतिवेदन काठमाण्डौ म.न.पा. ।
३२.	वन तथा भू-संरक्षण मन्त्रालय	वृक्षारोपणको विश्लेषण (वन विभाग) ।
३३.	परराष्ट्र मन्त्रालय	महावाणिज्य दूतावासको कार्यसम्पादन स्थिति ।
३४.	अर्थ मन्त्रालय	प्रज्ञापनपत्र छनौट प्रक्रिया तथा निर्धारित रकम असुली स्थिति ।
३५.	अर्थ मन्त्रालय	राजश्व अनुसन्धान विभागको निर्णय कार्यान्वयन प्रक्रिया ।
३६.	अर्थ मन्त्रालय	लगतमा पैठारी भएका मालवस्तुको राजस्व असुलीको अवस्था ।
३७.	अर्थ मन्त्रालय	बहुराष्ट्रिय कम्पनीले गैरवासिन्दालाई भुक्तानी गरेकोमा कर कट्टी स्थिति ।
३८.	अर्थ मन्त्रालय	राजस्वको लक्ष्य निर्धारण ।
३९.	अर्थ मन्त्रालय	कम्पनीमा रहेको हित निर्सग ।
४०.	अर्थ मन्त्रालय	कर्मचारी ऋण सुविधाको चारित्रीकरण र आयमा समावेश ।
४१.	अर्थ मन्त्रालय	कर छुट संस्थाको कारोबार ।
४२.	अर्थ मन्त्रालय	नगद सुविधा तथा राजस्व फिर्ताको आय लेखाङ्कन ।
४३.	अर्थ मन्त्रालय	नेपालमा हवाई यातायात र दूरसञ्चार सेवा उपलब्ध गराउने गैरवासिन्दाबाट कर कट्टी ।
४४.	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	सडक निर्माण आयोजनाको अभिलेख सञ्चालन स्थिति र पूँजीगत खर्चको अवस्था विश्लेषण ।
४५.	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	अधुरा आयोजनाहरुको अवस्था विश्लेषण ।
४६.	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	सवारी तथा यातायात व्यवस्थापन र सवारी चालक अनुमतिपत्र वितरण सम्बन्धि अध्ययन ।
४७.	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	सडक निर्माणको अवस्था विश्लेषण ।
४८.	सामान्य प्रशासन मन्त्रालय	निजामती सेवामा काजको अवस्था ।
४९.	रक्षा मन्त्रालय	राशन इन्धन परिवहन महाशाखाको इन्धन खर्चको अवस्था खरिद र प्रयोगको स्थिति ।
५०.	रक्षा मन्त्रालय	सैनिक कल्याणकारी कोषको आयमूलक कार्यमा गरेको लगानी अवस्था ।
५१.	रक्षा मन्त्रालय	नेपाली सेनाले गरेको विकास निर्माण कार्यको अवस्था ।
५२.	रक्षा मन्त्रालय	नेपाली सेनाको सामान खरीद प्रक्रिया र प्रयोगको स्थिति ।
५३.	सूचना तथा सञ्चार मन्त्रालय	काठमाडौं उपत्यकाभित्रका केवल अपरेटर, सिग्नल वितरक र टेलिभिजन प्रसारण संस्था तथा एफ.एम. रेडियोहरुको लाइसेन्स नवीकरण र रोयल्टी रकम असुली स्थितिको अध्ययन ।
५४.	सिँचाइ मन्त्रालय	नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणाली व्यवस्थापन ।
५५.	ऊर्जा मन्त्रालय	विद्युत सर्वेक्षण तथा उत्पादन अनुमतिपत्र कार्यान्वयन स्थिति ।
५६.	सिँचाइ मन्त्रालय	अन्तर मन्त्रालय सिँचाइ आयोजना कार्यान्वयन अवस्था र सिँचाइसम्बन्धी संसदीय समिति, मन्त्रिपरिषदबाट भएको निर्णय र कार्यान्वयन अवस्था ।
५७.	संकृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	नेपालमा धार्मिक स्थलहरुको भेटी व्यवस्थापन ।
५८.	संकृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	उपत्यकामा रहेका विश्व सम्पदाको अभिलेख, सञ्चालन र पुर्ननिर्माण ।
५९.	स्वास्थ्य मन्त्रालय	सिंहदरबार वैद्यखानाको औषधि उत्पादन र बजार व्यवस्था ।
६०.	स्वास्थ्य मन्त्रालय	पाटन र वीर अस्पतालको सेवा प्रवाह स्थिति अध्ययन ।
६१.	संगठित संस्था	नेपाल नागरिक उड्डयन प्राधिकरण र दुरुह विकास संस्थानको सम्पत्ति व्यवस्थापन ।
६२.	संगठित संस्था	नेपाल विद्युत प्राधिकरण र नेपाल वायुसेवा निगमको सम्पत्ति व्यवस्थापन ।

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगाल संक्षिप्त परिचय



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा २४० को उपधारा (२) बमोजिम मिति २०७४ जेठ ८ मा नेपालका महालेखा परीक्षकमा नियुक्त हुनु भएको छ। नेपालको संविधान २०७२ को धारा २४१ अनुसार महालेखा परीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कायांलय र कानुनद्वारा तोकिएका अन्य कार्यालय वा सस्थाको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्नु प्रमुख जिम्मेवारी रहेको छ । यसको लागि लेखापरीक्षण ऐन, २०४८ ले महालेखा परीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरु र सगठित सस्थाको लेखापरीक्षण संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गर्ने व्यवस्था छ।

महालेखा परीक्षक शर्माले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन अध्ययन संस्थान अन्तर्गत लेखा शास्त्र मूल विषयमा स्नातक (Diploma in Business Administration) र लेखापरीक्षण तथा कर प्रणली र परियोजना तर्जुमा नियन्त्रण मूल विषयमा स्नातकोत्तर (Master in Business Administration) गर्नु भएको छ । वाहाँले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामान्य प्रशासन मन्त्रालय र सार्वजनिक खर्च अनुगमन कार्यालयको सचिव भई कार्य गर्नु भएको छ। आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागको महानिर्देशक, सहकारी विभागको रजिष्ट्रार र महालेखा नियन्त्रक कार्यालय अर्न्तगत कोष नियन्त्रकको रुपमा जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय सोलुखुम्बु र डोटी तथा विभिन्न निकायमा आर्थिक प्रशासन प्रमुखको रुपमा वित्तीय प्रशासन, लेखा र लेखापरीक्षण सम्बन्धी कार्यको २७ वर्ष समेत नेपाल सरकारको निजामती सेवामा करिव ३७ वर्षको अनुभव हासिल गर्नु भएको छ।

नेपाल सरकारमा कार्यरत रहदाँ राष्ट्रिय पुर्न निर्माण प्राधिकरण, नेपाल लेखामान बोर्ड, कर्मचारी सञ्चय कोष, नेपाल वायुसेवा निगम, कृषि विकास बैंक, नेपाल नागरिक उडड्यन प्राधिकरण, मेलम्ची खानेपानी विकास समिति, नगर विकास कोष, कृषि अनुसन्धान परिषद्, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, निजामती अस्पताल, कर्मचारी प्रशिक्षण प्रतिष्ठानरुमा संचालक समिति सदस्यको रुपमा रही कार्य गरिसक्नु भएको छ । त्यस्तै उहाँले प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयद्वारा गठीत केन्द्रीय अनुगमन तथा निरक्षिण टोली, सार्वजनिक निर्माणको नीति निर्माण तथा सल्लाहकारी सदस्य, राष्ट्रिय निर्वाचन सुधार समिति, राजश्व चुहावट छानविन सम्बन्धि संसदीय समिति, नेपाल सरकारको वित्तिय व्यवस्थापन सुधार कार्य दलको सदस्य रही कार्य गर्नु भएको छ। यसै गरी सार्वजनिक व्यवस्थापन तथा शासन सुधार, सार्वजनिक खरिद व्यवस्थापन, सार्वजनिक वित्तीय व्यवस्थापन, लेखा, लेखापरीक्षण राजश्व व्यवस्थापन तथा प्रशासन, सहकारी व्यवस्थापन, स्वास्थ्य क्षेत्रको वित्तिय व्यवस्थापन तथा स्वास्थ्य बिमा र सार्वजनिक संस्थानको व्यवस्थापनमा रुची राखि तथा दखलता रहेको छ।

सार्वजनिक जिम्मेवारी वहन गर्ने क्रममा राजश्व प्रशासन, कर प्रणली, लेखा तथा लेखापरीक्षण प्रणली, भ्रष्टाचार नियन्त्रण, निजामती सेवाको सुधारको विभिन्न सम्मेलनहरुमा भाग लिनु भएको छ । अन्तराष्ट्रिय स्तरका तालिम तथा सम्मेलनमा, अध्ययनका क्रममा उहाँले अमेरिका, बेलायत, फ्रान्स, उत्तर आयरलैण्ड, स्वीजरलैण्ड, स्पेन, अष्ट्रेलिया, दक्षिण अफ्रिका, जापान, दक्षिण कोरीया, हङ्गकङ्ग, फिलिपिन्स, म्यानमार, लावस, भियतनाम, कम्बोडिया, मलेशिया, थाइलैण्ड, सिंगापुर, यूनाइटेड अरब इमिरेट्स, चीन, भारत, बंगलादेश, पाकिस्तान, लगायतका देशमा भ्रमण गर्नु भएको छ । यस्तो कार्यक्रममा संघिय ढाँचाको प्रशासकीय व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक सेवा, सार्वजनिक खरीद, कर प्रशासन, मूद्रा निर्मलीकरण, सार्वजनिक सहकारी, वित्तिय जवाफदेहिता सम्वन्धी कार्यक्रम, विकाशसिल देशका लागि आयोजित लेखा तथा वित्तिय व्यवस्थापन तालिम, ऋण व्यवस्थापनको कानूनी व्यवस्था, स्वस्थ्य वित्तीय व्यवस्थापन, ग्लोबल फण्डको बोर्ड बैठक सम्बन्धी अध्ययन भ्रमण लगायत विभिन्न तालिम तथा अध्ययन भ्रमणमा सहभागिता हुनु भएको छ।

नेपाल सरकारबाट प्रदान गरिने प्रबल गोरखा दक्षिणबाहु र उत्कृष्ट निजामती पुरस्कार प्राप्त गर्नु भएको श्री शर्माले स्वास्थ्य तथा जनसख्या सम्बन्धी कार्य प्रकृया मार्ग दर्शन सम्बन्धी पुस्तक लेख्नुका साथै स्वास्थ्य क्षेत्रको सार्वजनिक खर्च पुनरावलोकन, स्वास्थ्य क्षेत्रलाई दीगो विकासका लक्ष्य प्राप्त गर्न लाग्ने लागतको यकिन कार्यमा सहलेखकको रुपमा पुस्तकहरु प्रकाशित गर्नु भएको छ । यसका साथै उहाँले दर्जनौ पत्रपत्रिका लगायत म्यागजिनमा वित्तीय क्षेत्र तथा शासकीय व्यवस्थापन सम्बन्धी लेख प्रकाशित गर्नु भएको छ।

तालिम सेमिनार गोष्ठी

क्र.सं.	तालिमको नाम	अवधि	मिति	स्थान	लक्षित समुह	सहभागी संख्या
१	Revenue Audit Training	2 days	2074/2/16 & 17	तालिम हल बबरमहल	Dir,AO,AS	४० जना
२	Performance Audit Training	2 days	2074/18 & 19	तालिम हल बबरमहल	Dir,AO,AS	३७ जना
३	Recurrent Expenditure Training	2 days	2074/2/21 & 22	तालिम हल बबरमहल	AO,AS	३२ जना
४	NPSAS Training	2 days	2074/2/24 & 25	तालिम हल बबरमहल	Dir,AO,AS	३८ जना
५	CPE Training 1st Group	3 days	2074/2/28 to 30	कृषि तालिम केन्द्र,हरिहरभवन	Dir,AO,AS,Retired	१९० जना
६	CPE Training 2nd Group	3 days	2074/2/31 &3/1-2	कृषि तालिम केन्द्र,हरिहरभवन	Dir,AO,AS,Retired	२०० जना
७	Public Procurement Audit Training	2 days	2074/3/11-12	कृषि तालिम केन्द्र, हरिहरभवन	Dir,AO,AS	१३८ जना
८	Workshop on Auditing Preparedness for Implimentation Of SDG's	2 days	2074/3/16 & 17	धुलिखेल लँज रिसोर्ट, धुलिखेल	AAG,DAG,Dir,AO	३१ जना
९	Workshop on Auditing NPSAS based Financial Statement	2 days	2074/3/21 & 22	धुलिखेल ट्रेनिङ्ग सेन्टर,धुलिखेल	DAG,Dir,AO,AS	३७ जना
१०	Workshop on Performance Audit Of Reconstruction & Rehabilitation	2 days	2074/3/22 & 23	हिमालीयन हायस एण्ड रिसोर्ट,धुलिखेल	DAG,Dir,AO,AS	३९ जना
११	Workshop on Auditing Project Financial Statement	2 days	2074/3/23 & 24	हिमालीयन हायस एण्ड रिसोर्ट,धुलिखेल	DAG,Dir,AO,AS	४० जना

महालेखा परीक्षकको कार्यालयको दूरदृष्टी, गन्तव्य र मूल्य मान्यता

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रबर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने।

We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people.

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षता पूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने।

Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used.

मूल्य मान्यता (Core Values)

निष्ठा, स्वतन्त्रता, व्यावसायिकता, पारदर्शिता र जवाफदेहिता।

Core Values : Integrity, Independence, Professionalism, Transparency & Accountability.

